खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily


अध्यादेशको विरोधमा लेखी
पृष्ठ २ मा

वर्ष १ | अंक ३६ | २०७९ साल मंसिर २९ गते बिहिवार | Thursday 15, Dec. 2022 | पृष्ठ ८ | मूल्य रु. ५/-

# गौर भंसार लक्ष्यको आधामात्र राजस्व

## १२ सय गाडी थोत्रिदैं, पार्टपुर्जा चोरिदै, कर्मचारी अभाव झेल्दै

विकास अग्रवाल, रौटहट, मंसिर २८ । रौतहटको सीमा नाका अव्यवस्थाको शिकार बनेको छ । भंसार राजस्व लक्षको आधामात्र असुल भएको छ । सरकारले विभिन्न वस्तुको आयातमा लगाएको रोक, खाद्यान्न परीक्षण गर्ने कार्यालय स्थापना नहुनु र केही महिना देखि जिल्लामा व्यापक रुपमा अवैध रुपले निकाशी पैठारी बढेकोले राजस्व घटेको भन्सार कार्यालयको भनाई छ । पाँच वर्ष यता पक्राउ परेका १ हजार २ सय बढी सवारी साधन लिलामी प्रक्रियामा नजाँदा थोत्रिएकामात्र छैनन्, प्रहरीको पहरामा रहेका गाडीका धेरैजसो पार्टपुर्जा चोरी भइसकेका छन् । यता भंसार कार्यलय आफै कर्मचारी अभाव  झेल्दै छ ।

### चोरी तस्करी बढ्यो, राजस्व घट्यो

रौतहट । चोरी तस्करी बढेपछि गौर भन्सार कार्यालयले चालु आर्थिक वर्षको पाँच महिनामा लक्ष्य अनुसारको राजस्व संकलन गर्न सकेको छैन । विभागले विभिन्न वस्तुको आयातमा रोक तथा चोरी तस्करी नियन्त्रण हुन नसक्दा गौर भन्सारले चालु आर्थिक वर्षको पाँच महिनामा लक्ष्य अनुसारको राजस्व संकलन गर्न नसकेको हो । गौर भन्सार कार्यालयले चालु आर्थिक वर्षको साउन देखि कात्तिकसम्म ५३ दशमलव २१ प्रतिशत मात्र राजस्व संकलन हुन सकेको सूचना अधिकारी रेवती राम रोक्का बताउँछन् । चालु महिनाको मंसिरमा लक्ष्यको आधा भन्दा कम ४५ दशमलव ३० प्रतिशत( मंसिर २८ सम) राजस्व संकलन हुन सकेको उनले जानकारी दिए ।

| **लक्ष्य :** | **असुली :** |
|---|---|
| साउन: २,४३,६२,००० | १,०३,१४,०२४ |
| भदौं : २,९७,८९,००० | २,२८,९४,४०३ |
| अशोज: ३,००,०४,००० | १,६२,५६,६०३ |
| कात्तिक: २,८४,०५,००० | १,१२,२७,६१३ |
| मंसिर : ३,१०,७४,००० | ४५.३० प्रतिशत मंसिर २८ सम्म |

सरकारले विभिन्न वस्तुको आयातमा लगाएको रोक, खाद्यान्न परीक्षण गर्ने कार्यालय स्थापना नहुनु, केही महिना देखि जिल्लामा व्यापक रुपमा अवैध रुपले निकाशी पैठारी बढुनु, लगायतका विभिन्न समस्याहरुका कारण तोकिएको लक्ष्य अनुसार राजस्व संकलन हुन नसकेको भनाई भन्सार कार्यालयका सूचना अधिकारी रेवती राम रोक्काको छ ।

### लिलाम हुनुपर्ने गाडी थोत्रिदै, पार्टपुर्जा चोरिदै

सुरक्षाकर्मीले पक्राउ गरी विभिन्न मुद्धामा बरामद गरी दाखिला गरेका सवारीसाधनहरुलाई समयमै लिलाम नहुँदा सरकारको करोडौ रुपैया राजस्व प्रभावित बनेको छ । विगत पाँच वर्ष देखि थन्किएका



सवारीसाधनहरु समयमै लिलाम हुननसक्दा भन्सार परिसरमा कवाडकै रुपमा परिणत हुन थालेका छन् । चोरी निकाशी पैठारीको क्रममा नेपाल प्रहरी तथा शसस्त्र प्रहरीले विभिन्न मितिमा पक्राउ गरी भन्सार दाखिला गर्दै आएको छ ।

- बाँकी पृष्ठ ६ मा

### कर्मचारी अभाव, काम प्रभावित

गौर भन्सार कार्यालयमा कर्मचारी आभावका कारण सर्वसाधारणहरुको कामकाज प्रभावित बन्दै गएको छ । विगत दश महिना देखि कार्यालयमा कर्मचारी आभाव हुँदा दैनिक कामकाज प्रभावित बनेको हो ।

भन्सार प्रमुख सहित २२ जना कर्मचारीहरुको दरबन्दी रहेपनि १५ जना कर्मचारी मात्र हाजिर रहेका छन् । कार्यालयमा हाजिर नभएका कर्मचारी मध्ये नायब सुब्बा तहका कर्मचारी रहेकोले राजस्व तथा मुद्धा सम्बन्धी काम प्रभावित

- बाँकी पृष्ठ ६ मा

नगराईन विवाद : कमाई खाने नियत

# नपाको कार्य ठप्प, तलबका लागि आन्दोलन जारी



मधेशदृष्टि
जनकपुरधाम, मंसिर २८ ।

जनप्रतिनिधिको कमाई खाने मोहले उत्पन्न विवादका कारण धनुषाको नगराईन नगरपालिकाका विकास निर्माणदेखि, शैक्षिक, स्वास्थ्य र कर्मचारीको तलब भत्ता सहित कार्यालयका सम्पूर्ण कारोबार महिनौदेखि ठप्प रहेको छ ।

सो नगरपालिकामा नगरप्रमुख र उपप्रमुख पक्षबीच कमाई खाने आ आफ्नो दाउले उत्पन्न विवाद चरमोत्कर्षमा पुगेको । ती विवादका कारण बजेट पारित हुन नसक्दा नगरपालिका कार्यालयका कर्मचारी, शिक्षक र स्वास्थ्यकर्मीहरु तलब गत ५ महिनादेखि तलब खान पाएका छैनन् ।

उनीहरु तलब खान नपाएर आ आफ्ना कार्य छाडेर नगरपालिका कार्यालय अगाडि दुई साताभन्दा बढी समयदेखि धर्नामा बसेका छन । शिक्षक समेत विद्यालय बन्द गरेर पठनपाठन गरेका छन भने त्यसको विरोधमा विद्यार्थीहरु समेत आन्दोलनमा उत्रेका छन । पालिका भित्रका विद्यालयहरु बन्दले गर्दा अर्धवार्षिक परिक्षा हुन नपाउंदा विद्यार्थी सडक आन्दोलनमा उत्रेका छन ।

कर्मचारीहरु नै आन्दोलनमा उत्रेपछि नगरपालिकाका विकास निर्माणदेखि कार्यालय संचालनको सम्पूर्ण कार्य ठप्प रहेको छ । सम्पूर्ण नगरपालिकाका कार्य नै ठप्प भएपनि नेपाली कांग्रेसबाट निर्वाचित नगरप्रमुख विनय र एमालेबाट निर्वाचित उप्रमुख राधादेवी यादव तथा उनका समर्थक कार्यपालिका बोर्ड सदस्य आ आफ्नै अडानमा रहेका बहुमत आभावले बजेट पारित हुन सकिरहेको छैन । १९ सदस्यीय कार्यपालिका बोर्डमा नगरप्रमुख यादवलाई उनी आफैसहित एक वडाध्यक्ष गरी ६ मत छन भने बाँकी मत उपप्रमुसख राधादेवीको पक्षमा छ । बहुमत उपप्रमुख पक्षमा हुँदा पनि बजेट पारितमा मूल हस्ताक्षर नगरप्रमुखको रहने प्रावधान रहेको छ ।

विवादको मूल जडो हो विकासको योजनाबाट कमीशनबाट आउने रकम । जसले छेक्ने काम संशोधित स्थानीय सरकार सञ्चालन कार्यविधि रहेको छ । नगरप्रमुखले संशोधित कार्यविधिमै काम गराउन खोजिरहेका छन भने उपप्रमुख र उनका पक्षधर वडाध्यक्ष सहितका कार्यपालिका बोर्ड सदस्यहरु पुरानै कार्यविधि वा आफ्नो अनुसार संशोधन हुनुपर्ने विवादले नगरपालिका

- बाँकी पृष्ठ ६ मा

### पुन मतगणनाको माग गर्दै सर्वोच्चमा रिट

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २८ ।

नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले धनुषा निर्वाचन क्षेत्र नम्बर ४ मा पुनः मतगणनाको माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका छन् ।

प्रतिष्पर्धी रहेका यादवले निर्वाचित एमालेका रघुवीर महासेठलाई धाँधली गरी निर्वाचित गराइएको भन्दै यादवले बुधबार सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गराएका हुन् । उनले फेरि मतगणना गर्नुपर्ने माग गरेका छन ।

सर्वोच्च अदालतको संवैधानिक इजलासमा दर्ता गराइएको सो रिटमा निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय धनुषा, जिल्ला निर्वाचन कार्यालय धनुषा, प्रमुख जिल्ला अधिकारी र एमाले उम्मेदवार महासेठलाई विपक्षी बनाएको छ ।

सो क्षेत्रमा यादव नेकपा एमालेका सचिव समेत रहेका महासेठसँग १ सय २४ मतको अन्तरले पराजित भएका थिए । महासेठले ३२ हजार २३६ मत ल्याएर विजयी हुँदा यादवले ३२ हजार ११२ मत ल्याएको थियो ।

## पुरानो बक्यौता रकम तिर्न निजगढ नगरपालिकालाई धौ धौ

# नयाँ विकास निमार्णको काम ठप्प

शारदा पोखरेल
बारा, मंसिर २८ ।

निजगढ नगरपालिकाले गत आर्थिक वर्षको बक्यौता रकम भुक्तानी गर्न नसक्दा चालु आर्थिक वर्षमा नयाँ विकास निमार्णको काम ठप्प प्रायं भएको छ । उपभोक्ता समिति मार्फत गतवर्ष सम्पन्न भएका योजनाहरुको २० करोड बक्यौता रकम नगरपालिकाले उपभोक्ता समितिहरुलाई भुत्तानी गर्न बाँकी छ । आन्तरिक राजस्व पनि ठप्प भएको र संघीय सरकारले पठाएको चौमासिक रकमले पुरानो बक्यौता तिर्न धौ धौ भएपछि नयाँ योजनाहरु कार्यन्वयनमा समस्या भएको निजगढ नगरपालिकाका नगरप्रमुख सुरथ पुरीले जनाएका छन् ।



'संघीय सरकारबाट चौमासिक किस्तामा आएको रकमले एकमुष्ट रुपमा पुरानो बक्यौता तिर्न सकिएको छैन्, विकास निमार्णको लागि नयाँ योजनाहरु शुरु गर्न पनि सकिएको छैन्, साह्रै नै अप्ठारो भएको छ हामीलाई' नगरप्रमुख पुरीले भन ।

नगरपालिकाले उपभोक्ता समितीहरुलाई तिर्नबाँकी २० करोड मध्ये हालसम्म ५ करोड भुक्तान गरिसकेको छ । आन्तरिक आम्दानीको  मुख्य श्रोतको रुपमा रहेको नदिजन्य पदार्थको ठेक्का बन्द हुनु र जग्गाको कित्ताकाँट समेत नखुल्दा रजिष्टेशन शुल्कबाट आउने आन्तरिक राजस्व बन्द भएको नगरपालिकाले जनाएको छ ।

निजगढ नगरपालिकाले वर्षेनी १३ देखि १६ करोडमा बकैया,धन्सार खोला ठेक्का लगाउँदै आएको छ । चुरे उत्खननको विषयलाई लिएर सर्वोच्च अदालतमा रिट दायर भएपछि निजगढ नगरपालिकाले चालु आर्थिक वर्षको ६ महिना बितिसक्दा पनि खोलोको ठेक्का लगाउन सकेको छैन् ।

'अहिले हामीले कुनैपनि नयाँ योजनाहरु सम्झौता गरेर काम गरेका छैनौ, आन्तरिक आम्दानी पनि नहुने, पुरानो बक्यौता पनि नतिरी नहुने यो अवस्थामा श्रोत बिना काम गर्दा अर्को वर्ष बक्यौता रहने र यो शिलशिला बारम्बार रहदाँ काम गर्ने उपभोक्तालाई पनि समस्या पर्ने देखियो' पुरीले भने  'हामी सकेसम्म आम्दानीको श्रोत नखुलेसम्म नयाँ कार्यक्रम सम्झौता नगर्ने मनस्थितीमा छौ' निजगढ नगरपालिकाले गतवर्ष  १ अर्ब १० करोडको बजेट सिलिङ तयार गरेको थियो । खातामा रकम नै नभएको र आन्तरिक श्रोतको पहिचान विना नै जथाभावी रुपमा चुनाव केन्द्रीत कार्यक्रम बनाएर बाँडदा समस्या भएको निजगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमन धितालले  बताएका छन् ।

'विना श्रोत चुनावलाई लक्ष्यित गरेर नगरपालिकाले जथाभावी कार्यक्रम बाँड्ने र घाटा बजेट तयार गर्दा अहिले समस्या देखिएको हो' प्रशासकीय प्रमुख धितालले भने 'उहाँहरुले यो यो श्रोतबाट यति रकम आउछ भन्ने हिसाब केही देखिएन' नगरपालिकाले पुरानो  तिनुपर्ने २० करोड रकम मध्ये एउटै संस्थालाई अधिकतम् ७० लाख सम्म भुक्तानी गर्न बाँकी रहेको नगरपालिकाले जनाएको छ । निजगढ नगरपालिकाले गत आर्थिक वर्षमा घाटा बजेट तयार गर्दा समस्या भएको भन्दै यसपटक चालु आवको लागि गतवर्षको तुलनामा १५ करोड बजेट घटाएर ९५ करोडको बजेट सार्वजनिक गरेको  छ ।



# हत्यामा संलग्न रहेको आरोपमा दुई युवक पक्राउ

मधेशदृष्टि
सिरहा, २८ मंसिर ।
सिरहा प्रहरीले महिला हत्यामा संलग्न रहेको आरोपमा दुई युवकलाई पक्राउ गरेको छ। जिल्लाको मिर्चैया नपा २ का ३० वर्षिय लक्ष्मीनियाँ कापरको हत्यामा संलग्न रहेको आरोपमा सोही नगरपालिका १ का २० वर्षिय नितेश कुमार रजक र वडा नम्वर २ मलनियारीका २० वर्षिय राम कुमार महतो कोइरीलाई पक्राउ गरेको हो।
हत्या भएको १२ घण्टा भित्रै लुकिछिपी रहेको अवस्थामा प्रहरीले हत्यामा प्रयोग भएको खुकुरीजस्तो देखिने धारीलो हतियार सहित नियन्त्रणमा



लिएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डिएसपी सुवास वुढाथोकीले जानकारी दिए। जिल्ला प्रहरी कार्यालय सिरहा, इलाका प्रहरी कार्यालय मिर्चैया र मधेश प्रदेश प्रहरीबाट ल्याएको कुकुरको सहयोगमा पक्राउ गरेको जनाएको छ ।
गाउँ नजीकै रहेको कर्जन्हा नपा ६ को जङ्गलबाट आगोबाल्न सुकेको पात लिएर आउँदै गर्दा मंगलबार अपरान्ह बाटो ढुकेरबसेका दुवैजनाले लक्ष्मीनियाँलाई धारीलो धतियारले पेट र घाँटीमा प्रहार गरेका थिए। उनको घटनास्थलमै मृत्यु भएको थियो।
पक्राउ परेकाहरुविरुद्ध आजै जिल्ला अदालत सिरहामा कर्तव्य ज्यानमुद्दामा ७ दिनको म्याद थप गरिएको प्रहरीले जनाएको छ । सँगै रहेका महिलाहरुले देखेपछि गाउँमा खवर पुर्‍याएका थिए। गाउँमा खवर आउनसाथ प्रहरीलाई खवर गरिएको थियो।
प्रहरीले पक्राउ परेकामध्येय एकजना युवकसँग महिलासँज नजिकको सम्वन्ध रहेको प्रारम्भिक अनुमानबाट खुलेको जनाए। प्रहरीले भने, 'अहिले यति नै बुझ्नुस बाँकी अनुसन्धान भईरहेको छ। खुल्दैजाला ।' लक्ष्मीनियाँकी श्रीमान दिपेन्द्र कापड वैदेशिक रोजगारीको शिललामा कतारमा छन्। घटनाको जानकारी पाएलगतै उनी नेपाल फर्कदै गरेको दिपेन्द्रको बुवा रामदेवले जानकारी दिए । उनीहरुको १० वर्षका दिपेश, ७ वर्षका रुकेश र ३ वर्षका रिपेशगरी तीनजना छोरा छन्।

# मेयरको शिलान्यास, वडा अध्यक्षको विरोध

मधेशदृष्टि
रौतहट,२८ मंसिर । गौर नगरपालिकाका नगर प्रमुखले बुधवार वडामा गरेको शिलान्यास कार्यक्रम प्रति वडा अध्यक्षले आपत्ती जनाएका छन् ।
गौर नगरपालिका ८ पुरेनवामा नगरप्रमुख शम्भु साहले एलानी जग्गामा गरिएको सामुदायिक भवनको शिलान्यासलाई वडा अध्यक्ष जनार्दन साहले खेद व्यक्त गरेका हुन् ।
नगर स्तरीय योजना कार्यक्रम अर्न्तगत प्रमुख साहले २० लाखको लागतमा निमार्ण हुने सामुदायिक भवनको शिलान्यासलाई विरोध गर्दे वडाअध्यक्ष साहले कुनै समन्वय नै नगरी आफु खुशी बर्थिङ्ग सेन्टरका लागि राखिएको जग्गामा शिलान्यास गरिएकोले धोर भत्सर्ना गरेका छन् । वडामा विकास राम्रो कुरा हो तर, वडासँग समन्वय नै नगरी एकलौटी रुपमा



शिलान्यास गरिएको छ । शिलान्यास स्थलमा उपभोक्ता समितिको नाम सहितको बोर्ड पनि छैन अध्यक्ष साहले जिकिर गर्नुभयो । पाँच दलिय गठबन्धनको सरकार भएपनि गौर नगरपालिकाका मेयर साहले एकलौटी रुपले मनोमानी गर्दे आएपनि हामी त्यसको विरोधमा छैनौ तर, हाम्रै वडामा शिलान्यास हुँदा जानकारी नपाउनु र कुनै समन्वय नगर्नु कार्य गलत रहेको बताउनुभयो । पुरेनवा आधारभूत विद्यालयमा झ्याल, ढोका तथा विद्यार्थीहरुलाई बस्न बेञ्च नहुँदा चिसो भुईमै बसेर विद्यार्थीहरु अध्यन गर्न बाध्य भएको विषयलाई लिएर पटक पटक सहयोग गर्न वडाले जानकारी गराउँदा बेबास्ता गरिएको वडाअध्यक्ष साहले आरोप समेत लगाउनुभयो । मेयर साहले कतिपय वडाका वडाअध्यक्षहरुसँग समन्वय नै नगरी मनोपरी ढंगले कार्य सम्पादन गर्दे आएकोले गौर नगरपालिकालाई प्राईभेट लिमिटेड बनाएको आरोप समेत उनको थियो ।

# तेलीकुट्टी कार्यसमिति अध्यक्षमा सन्तोष



मधेशदृष्टि
जनकपुरधाम, मंसिर २८ ।
रसिक बिहारी भगवान तेली कुट्टी जनकपुरधामको नयाँ कार्यसमिति चयन गरिएको छ ।
बुधवार कुट्टीको अध्यक्ष जगदीश साहको अध्यक्षतामा बसेको साधारण सभाको बैठकबाट सन्तोष साहको अध्यक्षतामा ९ सदस्यीय नयाँ कार्यसमिति तथा ६ सदस्यीय सल्लाहकार समिति सर्वसम्मतिले गठन गरिएको छ ।
सो कार्यसमितिको उपाध्यक्षमा लक्ष्मण साह, सचिवमा राजु साह, कोषाध्यक्षमा राधारमण (रवि) साह र सदस्यहरुमा प्रमोद साह, विनोदकुमार साह, अम्बुप्रुसाद साह, भरत साह, उमेशकुमार साह रहेको छ ।
त्यस्तै सल्लाहकार समितिमा पुर्व सभापति रामचरित्र साह, जगदीश साह, रामबाबु साह, विजय साह, मनिषरमण साह रहेको जनाइएको छ ।

# इन्दुशंकरले डोंगा पुजा गर्यो

घनश्याम बलम्पाकी
सर्लाही, मंसिर २८ ।
सर्लाहीको हरिवन स्थित ईन्दुशंकर चिनी उद्योगले आज (बुधवार) डोंगा पूजा गरेको छ ।
यस चालु सिजनमा उद्योग सञ्चालन गर्नका लागि आज डोंगा पूजा गरेर साईत जुराईएको उद्योगका प्रशासकीय अधिकृत ठाकुर नेपालले जानकारी दिए । बिहान ११ बजेर ३० मिनेटको साईतमा डोंगा पूजा गरिएको हो । पूजामा उद्योगका सञ्चालक राजेश केडिया, किसान नेताहरु, लगायत दर्जनौं किसानहरुको रोपेका कारण बिगतका बर्ष भन्दा ढिलै क्रसिङ्ग हने बताए । उनका अनुसार किसानले परम्परागत उखु खेती गर्नाले पनि भएकाले उखु उत्पादनमा पनि कमी आउने अनुमान गरिएको प्रबन्धक रजकले बताए ।
उधोगले गतवर्ष २४ लाख १३ हजार ३४८ क्वीन्टल उखु क्रसिङ गरेको बताए । यसवर्ष भने ३० लाख क्विन्टल उखु पेल्ने लक्ष्य राखेको छ । गतबर्ष सरकारले उखुको प्रतिक्विन्टल मुल्य ५९० कायम गरेको थियो । त्यसमा उद्योगीले ५२० रुपियाँ र



सहभागिता रहेको थियो ।
उधोगका प्रमुख उखु प्रबन्धक योगनारायण रजकका अनुसार आगामी पुसको पहिलो साताबट उखु क्रसिङ्ग सुरु गरिने जानकारी दिए । पछिल्लो समय सर्लाहीका किसानले ढिलो तयार हुने जातको उखु सरकारले अनुदान स्वरुप ७० रुपियाँ भुक्तानी गरेको थियो । यस्तै गोडैता बगदहमा रहेको महालक्ष्मि सुगर मिल र धनकौलमा स्थित चिनी उधोग क्रसिङ्गको तयारी भैरहेको मिल सञ्चालकले जनाएको छ ।


# अध्यादेशको विरोधमा लेखी

विनय कर्ण
सप्तरी, २८ मंसिर । प्रदेशसभा सदस्य राजकुमार लेखीले संविधान विपरित सरकारले अध्यादेश ल्याएको बताएका छन् ।
राजविराजमा बुधवार प्रत्रकार सम्मेलन गरि उनले सरकारले आफताफ आलम लगायतका केही अपराधीहरुलाई रिहा गराउने मनसायका साथ अध्यादेश ल्याएको आरोप लगाए ।
सप्तरी निर्वाचन क्षेत्र नम्बर १(१) बाट प्रदेशसभा सदस्यमा नेकपा एमालेबाट निर्वाचित भएका लेखीले दुई तीन दिन मात्र आयु रहेको गठबन्धन सरकारले अध्यादेश ल्याउनु संविधान विपरित रहेको बताए । काम चलाउ सरकारले ल्याएका अध्यादेश राष्ट्रपतिले प्रमाणीकरण नगर्ने थाहा हुँदाहुदै पनि आम थारु मधेशी



लगायतका सोझा जनतालाई झुक्याउन गठबन्धन सरकारले अध्यादेश ल्याएको छ उनले भने, "यो संविधान विपरित हो । म यसको विरोध गर्दछु ।" रेशम चौधरी लगायत थुप्रै आन्दोलनकारीहरु माथि झुठा मुद्दा लागाईएकोले सबैलाई रिहा गर्नुपर्ने उनले माग गरे । "काम चलाउ सरकारले अध्यादेश ल्याउन पाउँदैन । यसमा मेरो आपत्ती छ, अध्यादेश ल्याएर अपराधीलाई चोख्याउने काम गर्नु हुँदैन्" लेखीले भने, "रेशमजीलाई रिहा गर्नेबारे शेरबहादुर देउवा, केपी ओली र प्रचण्ड लगायतका प्रमुख दलका सबै नेताले सार्वजनिक रुपमै बोलेका छन् तर, रिहा भने गरेन्, अहिले अध्यादेशबारे पनि सबै मौन बसेका छन्"
लाल आयोगले सरकारलाई बुझाउको प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै उनले थरुहट आन्दोलन आफूहरुले संघीयता र समानताको लागि गरेको बताए । "रेशमजीको रिहाईको लागि नै अध्यादेश ल्याउनु थियो भने यो सरकारले ६ महिना अघि सम्म किन ल्याएन ?" उनले प्रश्न गरे । लाल आयोगको प्रतिवेदन सरकारले सार्वजनिक नगरी लुकाउनु नै रेशम चौधरी निर्दोष भएको पनि सरकारले आफै प्रमाणित गरेको उनले तर्क गरे ।


# हार्दिक श्रद्धाञ्जली



जन्म मितिः
१९९५/०४/१४ गते
मृत्यु मितिः
२०७९/०८/१६ गते

**प्रमानन्द साह तेली**

**महागढीमाई न.पा.–७ तेलकुअवा निवासी स्व. प्रमानन्द साह जी को १३औं पुण्य तिथी को दिन शोक सभामा सहभागी हुन बारा जिल्ला भरिका सम्पूर्ण तेली समाजलाई हार्दिक अपिल गर्दछौं ।**
**स्थानः– महागढमिाई न.पा.–७, तेलकुअवा (बारा)**
**समयः– ११:०० बजे ।**
**मितिः– २०७९/०८/२९ गते विहिवार ।**

**आयोजकः**
**तेली कल्याण समाज नेपाल**
**वारा परिवार**


# सांसदको तलबभत्ता र विकास कोष रकम बन्द गर्न माग

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २८ ।
सांसदलाई दिईदै आएको तलब सुविधा तथा संसदीय विकास कोष रकम यथाशीघ्र बन्द गर्न राष्ट्रिय एकता अभियान, नेपालले सरकारसँग माग गरेको छ ।



केन्द्रका अध्यक्ष विनय यादवको नेतृत्वमा अभियानले बुधवार प्रधानमन्त्री शेरबहादुर देउवालाई भेट गरी ज्ञापन पत्र वुझाउँदै यस्तो माग गरेका हुन । सो ज्ञापन पत्रमा ' अहिले चलिरहेको विश्वव्यापी मन्दीको प्रभावले नेपालमा परेको असर बारे जानकारी गराउंदै व्यक्तिगत कर्जा र व्यवसायिक कर्जाको ब्याज तथा किस्ताहरु नउठेर सबै जसो बैंकहरूको खराब कर्जादर अप्रत्याशित रूपले बढेको छ । बैंकको ब्याज तिर्न नसकेर व्यापारीहरु डिप्रेसनको सिकार र आत्महत्या गर्न बाध्य भएकाले सांसदहरुले पाउँदै आएको तलब भत्ता विकास कोष रकमले समस्या समाधान हुन सक्ने भएकाले सो बन्द गर्न माग गरिएको छ । यसका साथै धेरैले व्यापार व्यवसाय बन्द गरी पलायन हुनुपरेको छ भने धेरैले कर्मचारी कटौती गर्नु परेको छ । कृषि उत्पादको उचित मूल्य र मल न पाएर कृषकहरुमा कृषि प्रति उदाशीनता छाएको रहेको भन्दै अवस्थामा सरकारले नै उचित कदम चालेर अनावश्यक ब्ययभार कम गर्नुपर्ने अभियानले ठहर गरेको छ । 'मुलुकको सार्वभौमसत्ता निहित रहेको सर्वोच्च निकाय संघीय संसद नै भार थेग्न नसक्ने गरी मुलुकको ढुकुटी रित्याउने माध्यम बन्न जादा संसदमाथि जनताको आम भरोसा नै टुट्ने जोखिम पैदा भएको छ' ज्ञापन पत्रमा भनिएको छ-'तसर्थ, सांसदमाथी जनताको भरोसा कायम राख्न एवम संसदको गरिमा कायम राख्न सांसदमाथी हुने व्ययभार कटौती गर्न अत्यावश्यक छ ।
यसका लागि हामी यहासमक्ष माननीय सांसद ज्यू र प्रदेश सभाका सभासद ज्यूहरुलाई दिइदै आईरहेको दैनिक भत्ता बाहेक सबै तलब सुविधा तथा विकाश कोष यथाशीघ्र बन्द गर्नका लागी उपयुक्त कदम चाल्न माग गर्दछौ ज्ञापन पत्रमा भनिएको छ ।

# अज्ञात समुहद्धरा युवाको हत्या

वीरगज,२८ मंसिर/ बारा बिश्रामपुर गाउपालिका ५ ईटाई टोलमा एक युवकको शंकस्पद अवस्थाका शव फेला परेको जिल्ला प्रहरी कार्यलय बाराले जनाएको छ ।
बारा पर्साको सिमानामा रहेको बिश्रामपुर गापाको ईटीयाही टोलको खेतमा एक २२ बर्षीय युवकको शव स्थानियले देखेपछि प्रहरीलाई खबर गरेपछि घटना बाहिरएको हो । युवकको शवलाई परालमा लुकाएको अवस्थामा बरामद भएकोले ती युवकको हत्या भएको हुन सक्ने जिल्ला प्रहरी कार्यलय बारा प्रहरी उपरिक्षक होमेन्द्र बोग्टीले बताए ।
समाचार त्यार पर्दासम्म युवकको सनाख्त नभएको बारा प्रहरीले जनाएको छ । बारा प्रहरीले दिएको जानकारी अनुसार मृतक युवकको बसमा काम गर्ने, उनको ठेगाना जितपुर सिमरा नपा रहेको पराम्भीक अनुसन्धानबाट खुलेको प्रहरी स्रोतले जनाएको छ ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ। रोकिएका काम पुन: सुरु हुन सक्छन् । आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ । मालसामान हराउन सक्छ । ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ। रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथिको आगमन पनि हुन सक्छ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ाज शुभारम्भको चर्चा चल्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ। नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ। भ्रमणको योग पनि छ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । सहकर्मीबाट विरोध आउला। नियमित खर्चसमेत बढ्ने योग पनि छ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ । पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । रमाइलो यात्राको सम्भावना पनि रहेको छ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ । घरमा अतिथिको आगमन हुनेछ । महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ। आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन । सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ। व्यापार व्यवसायमा सफलता मिल्नेछ। लाभदायक यात्रा पनि हुनेछ।

# प्रतिनिधि सभामा ३३.१% र प्रदेश सभाहरूमा ३६.३६% महिला

काठमाण्डौ, मंसिर, २८ ।
निर्वाचन आयोगले आज मिति २०७९ मंसिर २८ गते प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० बमोजिमको प्रक्रिया पूरा गरी समानुपातिक निर्वाचनको परिणाम घोषणा गरेसँगै प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको अन्तिम नतिजा प्रकाशन गर्ने कार्य सम्पन्न गरेको छ।

प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले आज आयोगमा आयोजित पत्रकार भेटघाटमा आयोगले प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन परिणामसहितको प्रतिवेदन निर्वाचनको नतिजा घोषणा भएको सात दिनभित्र राष्ट्रपति समक्ष र प्रदेश सभाको हकमा प्रदेश प्रमुखसमक्ष पठाउनुपर्ने प्रावधानबमोजिम २०७९ मंसिर २९ गते सम्माननीय राष्ट्रपतिज्यूसमक्ष प्रतिनिधि सभा सदस्य निर्वाचन २०७९ को परिणामसहितको प्रतिवेदन पेश गरिने बताउनुभयो। साथै आगामी पौष २ गते प्रदेश सभा सदस्य निर्वाचन २०७९ को परिणामसहितको प्रतिवेदन सातै प्रदेशको राजधानीमा प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरूसमक्ष आयोगका पदाधिकारीहरूबाट प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रम रहेको जानकारी प्रमुख आयुक्त थपलियाले दिनुभयो। प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ को प्रतिवेदन पठाइसकेपछिनिर्वाचितसदस्यहरूको नामावली नेपाल राजपत्रमा प्रकाशित गरिनेछ।

आयोगले तयार गरेको निर्वाचन परिणाम प्रतिवेदन अनुसार प्रतिनिधि सभातर्फ २७५ र प्रदेश सभातर्फ ५५० जना गरी कूल ८२५ जना निर्वाचित हुनुभएको छ। जसमा प्रतिनिधि सभातर्फ पुरुष १८४ जना (६६ दशमलव ९० प्रतिशत) र महिला ९१ जना (३३ दशमलव १० प्रतिशत) निर्वाचित हुनुभएको छ भने प्रदेश सभातर्फ पुरुष ३५० जना (६३ दशमलव ६४ प्रतिशत) र महिला २०० जना( ३६ दशमलव ३६ प्रतिशत) निर्वाचित हुनुभएको छ।

प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनका लागि ८६ वटा राजनीतिक दल दर्ता भएकोमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ६१

व ट ।




राजनीतिक दल र समानुपातिक निर्वाचन प्रणालीतर्फ ४७ वटा राजनीतिक दल निर्वाचनमा सहभागी भएका थिए।

प्रतिनिधि सभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ महिला २२५ र पुरुष २ हजार १८६ गरी २ हजार ४११ जनाको अन्तिम उम्मेदवारी कायम भएको थियो। सोही सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ महिला १ हजार १८७ र पुरुष १ हजार १२ गरी २ हजार १९९ जना उम्मेदवारको अन्तिम बन्द सूची कायम गरिएको थियो।

त्यसैगरी प्रदेश सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि महिला २८०, पुरुष २ हजार ९४३ र अन्य १ गरी ३ हजार २२४ जनाको अन्तिम उम्मेदवारी कायम भएको थियो भने सोही सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ महिला १ हजार ५११ र पुरुष २ हजार १९७ गरी कुल ३ हजार ७०८ जना उम्मेदवारको अन्तिम बन्द सूची कायम गरिएको थियो। यस अनुसार प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीका लागि कूल उम्मेदवारको संख्या जम्मा ११ हजार ५४२ रहेको थियो।

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ का लागि महिला ८८ लाख ४७ हजार ५७९, पुरुष ९१ लाख ४० हजार ८०६ र अन्य १८५ गरी कुल १ करोड ७९ लाख ८८ हजार ५७० मतदाता कायम रहेका थिए। अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिहरूमध्येबाट मतदाता नामावली ऐन २०७३ को दफा ३० बमोजिम तयार गरिएको अस्थायी मतदाता नामावलीमा ४ लाख ५० हजार मतदाता रहेका थिए। देशभरीका सम्पूर्ण मतदाताको सहजतालाई मध्यनजर गरी यस निर्वाचनमा १० हजार ८९२ मतदान स्थलका २२ हजार २२७ मतदान केन्द्रबाट मतदान गर्ने व्यवस्था मिलाइएको थियो। त्यसैगरी अस्थायी मतदाताहरूलाई प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने व्यवस्था अनुरुप १४१ अस्थायी मतदान स्थलहरूको समेत व्यवस्था गरिएको थियो।

प्रमुख निर्वाचन आयुक्त थपलियाले प्रतिनिधि सभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचनमा १ करोड १० लाख ४७ हजार ३४ (६१ दशमलव ४१ प्रतिशत) मतदान भएको थियो जसमध्ये १ करोड ४ लाख ८७ हजार ९५८ मत सदर भएको थियो भने ५ दशमलव शून्य ६ प्रतिशत मत बदर भएको बताउनुभयो। सोही सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ १ करोड ११ लाख २६ हजार २२६ (६१ दशमलव ८५ प्रतिशत) मतदान भएकोमा १ करोड ५ लाख ६० हजार ८२ मत सदर भई ५ दशमलव शून्य ९ प्रतिशत मत बदर भएको थियो।

प्रदेश सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि १ करोड १० लाख ३४ हजार ५०० (६१ दशमलव ३६ प्रतिशत) मतदान भएको थियो जसमध्ये १ करोड ५ लाख ८५ हजार ३०० मत सदर भएको थियो भने ४ दशमलव शुन्य ७ प्रतिशत मत बदर भएको थियो। सोही सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ १ करोड १० लाख २८ हजार ३७६ (६१ दशमलव ३१ प्रतिशत) मतदान भएकोमा १ करोड ३ लाख ६ हजार ११ मत सदर भई ६ दशमलव ५५ प्रतिशत मत बदर भएको थियो । प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७१ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गतको निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको १० प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुने व्यवस्था रहेबमोजिम प्रतिनिधि सभातर्फ पुरुष १ हजार ७७२ र महिला १८९ गरी जम्मा १ हजार ९६१ जना तथा प्रदेश सभातर्फ पुरुष २ हजार ८६, महिला २३७ र अन्य १ गरी जम्मा २ हजार ३२४ जना गरी जम्मा ४ हजार २८५ जना (७६ दशमलव शून्य ४ प्रतिशत) उम्मेदवारहरूको धरौटी रकम जफत भएको छ । त्यसैगरी, समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतको निर्वाचनमा कुनै राजनीतिक दलले कम्तीमा एक सिट प्राप्त नगरेमा त्यस्तो दलले राखेको धरौटी जफत हुने व्यवस्थाबमोजिम प्रतिनिधि सभातर्फ बन्दसूची पेश गर्ने ४७ दलमध्ये ४० वटा दल र प्रदेश सभातर्फ प्रदेश नं. १ मा ३०, मधेश प्रदेशमा २६, बागमती प्रदेशमा ३३, गण्डकीमा २४, लुम्बिनी प्रदेशमा २२, कर्णाली प्रदेशमा २२ र सुदूरपश्चिम प्रदेशमा २८ वटा दलको धरौटी जफत भएको छ । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५२ मा प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा ३ प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ १ सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको मान्यता प्राप्त गर्ने व्यवस्था बमोजिम यस निर्वाचनबाट ७ वटा राजनीतिक दलले राष्ट्रिय दलको मान्यता प्राप्त गरेका छन् । प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० मा प्रदेश सभामा समानुपातिक निर्वाचन प्रणालीतर्फको कुल सदर मतको १ दशमलव ५ प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने दलको तर्फबाट मात्र उम्मेदवार निर्वाचित हुने व्यवस्था छ। सो व्यवस्था अनुसार प्रदेश नं. १ मा ६, मधेश प्रदेशमा १०, बागमती प्रदेशमा ७, गण्डकी प्रदेशमा ७, लुम्बिनी प्रदेशमा १०, कर्णाली प्रदेशमा ६ र सुदूरपश्चिम प्रदेशमा ६ वटा राजनीतिक दलको समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रदेश सभामा प्रतिनिधित्व भएको छ।

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा ३७ वटा राष्ट्रिय संस्थाका ७ हजार ५५३ र २ वटा अन्तर्राष्ट्रिय संस्थाबाट १२ जना पर्यवेक्षकबाट निर्वाचन पर्यवेक्षण भएको थियो। यसैगरी, भारत, भुटान, बंगलादेश, माल्दिभ्स र दक्षिण कोरियाका निर्वाचन व्यवस्थापन गर्ने निकायका प्रमुख तथा पदाधिकारीहरू, जापानका विदेश राज्यमन्त्री र नेपालस्थित १८ वटा कुटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिहरूले समेत निर्वाचनको पर्यवेक्षण तथा अवलोकन गर्नुभएको थियो।

नेपालको संविधानले प्रत्याभूत गरेको जनताको प्रतिस्पर्धात्मक लोकतान्त्रिक शासन प्रणाली, जनतामा निहित सार्वभौमसत्ता, नागरिक स्वतन्त्रता, मानव अधिकार, मौलिक हक, वालिग मताधिकार, आवधिक निर्वाचन र संघीय लोकतान्त्रिक गणतन्त्रको जगमा भव्यरूपमा सफलतापूर्वक सम्पन्न भएको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ मा भाग लिई मताधिकारको प्रयोग गर्नुहुने सम्पूर्ण मतदाताहरूप्रति आयोग हार्दिक आभार प्रकट गर्दछ।

निर्वाचन सम्पन्न गराउने ऐतिहासिक कार्यमा संलग्न भई महत्वपूर्ण भूमिका निर्वाह गर्ने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय, स्थानीय प्रशासन, निर्वाचनमा संलग्न कर्मचारी तथा सुरक्षाकर्मी, राजनीतिक दल, उम्मेदवार, पर्यवेक्षक, अनुगमनकर्ता, अन्तर ष्ट्रिय समुदाय, निजी क्षेत्र, गैरसरकारी एवं सामुदायिक संस्था, नागरिक समाज लगायत सबै निकाय, क्षेत्र र समुदायप्रति प्रमुख निर्वाचन आयुक्त थपलियाले धन्यवाद व्यक्त गर्नुभयो । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सूचना, सञ्चार र समाचारमार्फत निरन्तर सकारात्मक खबरदारी गर्ने, मतदातालाई सुसूचित गरी निर्वाचनको कार्यमा सरिक हुन प्रेरित गर्ने तथा निर्वाचनका गतिविधिहरूको निरन्तर रिपोर्टिङ र पृष्ठपोषणको माध्यमबाट निर्वाचनको उपयुक्त वातावरण सिर्जना गर्न निरन्तर सहयोग गर्ने सम्पूर्ण आम सञ्चारमाध्यम एवं सञ्चारकर्मीहरूप्रति प्रमुख आयुक्त थपलियाले विशेष धन्यवाद ज्ञापन गर्नुभयो । *श्रोतः आइएनएस-स्वतन्त्र समाचार*

# नेताको स्वार्थले पार्टीको स्तर दव्यो

डम्बर राई
सप्तरी मंसिर २८ गते ।
समाज विकास मन्त्री नवलकिशोर साहले भर्खरै सम्पन्न निर्वाचनबाट आएको केहि दलको परिणामले मल्टी सिस्टमका दलहरुलाई धावा दिइएको संकेत गरेका छन् । हिजो राजतन्त्रको विरोध वा देशमा जनताको हित अनुकुल विभिन्न आन्दोलन गरेर लोकतन्त्रको स्थापना गर्ने दलहरुलाई आज केहि दलहरुले चुनौती दिइएका छज् । उनले जनमत पार्टीलाई संकेत गर्दै भने लोकतन्त्रको स्थापना नभई विखण्डन कार्यमा लागेका दलले आज हामीलाई धावा दिइएको छ । स्वार्थसिद्धका निम्ती जुटेकाहरुले देश न जनता कसैलाई पनि भलो नगर्ने मन्त्री साहको दावी छ । साथै स्वतन्त्र पार्टी तथा स्वतन्त्र उम्मेदवारहरुले पाएको मत स्थिरताको उपज होइन किनकी लोकतान्त्रिक संघियतामा दल विहिन शक्तिको जोर चल्दैन मल्टी सिस्टम युगले चाहेको छ उनले बताए । संचारकर्मीहरुसंगको भेटघाटमा उनले स्वीकार गर्दै भने नेताका कमजोरीका कारण केहि पार्टीहरु राष्ट्रिय पार्टीबाटै झरेको छ । विकास कार्य नभई विरोधाभास, खण्डन विखण्डन, आलोचना जस्ता अशोभ्य कार्यलाई मात्र बढी जोड दिइएर हिडेका पार्टीको अवस्था यस्तै हुन्छ मन्त्री साहले थपे ।

उनले मंसीर ४ गतेको निर्वाचनको घाटा नाफाको समेत समिक्षा गरेकाछन् । सप्तरीको निर्वाचन क्षेत्र नम्वर १ बाट प्रतिनिधि सभाको सदस्य पदमा जनता समाजवादी पार्टी नेपालको छाता चुनाव चिन्हबाट निर्वाचित साहले आफ्नो पार्टी एमालेको तालमेलमा घाटा र काँग्रेसको गठबन्धनमा लोकतान्त्रिक समाजवादी पार्टीको घाटालाई



आफ्नो नाफाको रुपमा हेरेको बताए । उनको अनुसार जसपा नेपालले राजविराज स्थित औधोगिक क्षेत्र मलेठको घटनाका कारण हार व्यहोर गर्नुपरेको हो । तत्काल एमालेको कार्यक्रमको विरोधमा भएको गोलीकाण्डमा जसपाको चारजनाको मुत्यु भएको थियो । यो राजनीतिक सन्दर्भ बाहेकपनि उनले दुखको साथ सञ्चारकर्मीहरुलाई भने, चुनावमा पार्टीबाटै बागी उम्मेदवार बने । सप्तरीको चारवटै क्षेत्रमा जसपाका वागी उम्मेदवार उठेका थिए जसमा ४(ख) बाट अनिरुद्ध सिंह यादवले स्वतन्त्रबाट जित हासिल गरेका छन् । प्रसंग बदलेर आफुले गरेको कामसंगै भावी योजनाका विवरणहरु पस्कदै मन्त्री साहले बेरोजगारी समस्यालाई हलगर्ने वातावरणमा आफु जुटेको बताए । देशमा बेरोजगारी समस्याको अन्त्य जबसम्म हुदैन तबसम समृद्धशाली राज्यको परिकल्पना नगरेपनि हुन्छ उनले भने सबैलाई सरकारी जागिर दिन असम्भव छ तर उधोग कल कारखाना निर्माण गरेर काम दिन सकिन्छ । सप्तरीमा मल खाधको उधोग निर्माण गर्न योजना तयारी तिर लागेको संकेत दिदै उनले भने यसबाट प्रमुखरुपमा दुइवटा फाइदा हेरेको छु जसले रोजगार र यहाँका किसानहरुलाई मल खाधको अभाव हुनेछैन ।

मैले अहिले सम्म मधेश प्रदेशमा विश्व बिधालय निर्माण कार्यलाई जोडदिए त्यो सफलताको चुरोमा उक्लिदै छ केहि समय भित्रै संचालनमा आउनेछन् यो यहाँका लागि एउटा जलन्त इतिहास हो उनले भने । मधेश प्रदेशमा तीनवटा विश्वबिधालय निर्माण गरेको उनको गर्व छ । शिक्षास्तरलाई माथी उठाउन मैले विश्वबिधालय त निर्माण कार्यलाई सुचारु गरें तर यसका कर्मचारी भर्ना प्रक्रिया देखी व्यवस्थापन पक्षमा विभेदीकरणको सम्भावना रहनसक्छ । कानुनले व्यवस्था गरेका केहि नीति नियममा उनी सन्तुष्ट देखिदैन । अधिकारको बाँडफाँडमा म रुष्ट छु उनले भने, प्रदेशका लागि लोकसेवा आयोग प्रदेश सरकारलाई दिनुपर्छ । आयोगको स्पष्ट धारणा हुनुपर्छ, पालिका स्तरबाट सम्भव छैन र केन्द्रबाट पनि यो सम्भव छैन तसर्थ आयोग प्रदेशकै मातहातमा रहनुपर्छ ।

स्थानिय तहमा पनि मनमौजी किसिमले भर्ना प्रक्रिया भइरहेका छन् तसर्थ आयोग प्रदेश स्तरमा हुनुपर्छ । जरै कमजोर भयो भने बिश्वबिधालयले के गर्न सक्छ ? देशकै शिक्षा व्यवस्था कमजोर छ, शिक्षामा कुनैपनि ठोस निधान ल्याउन सकेन । हनुमानगर कंकालिनी नगरपालिका ७ निवासी मन्त्री साह मधेश प्रदेश सरकार समाजिक विकास मन्त्री भएयता सप्तरीमा धेरै विकास भएको छ । पहिला चेतनाको विकास हुनुपर्छ भन्ने मुल्य मान्यता बोकेका साहले सबैभन्दा बढी शिक्षामा लगानी गरेको आँकडा छ ।

# पिडित परिवारलाई यादवद्वारा आर्थिक सहयोग

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २८ ।
मधेश प्रदेश सांसद शेष नारायण यादवले बिमारीका कारण मृत्यु भएका एक पिडित परिवारलाई आर्थिक सहयोग गरेको छ । गत तीन दिनअघि मृत्यु भएका जनकपुरधाम उपमहानगरपालीका वडा न ९ बेल्ही टोल बस्ने बिनिता मुखियाको परिवारलाई आर्थिक अवस्था कमजोर रहेकाले काजक्रियाका लागि प्रदेश सांसद यादवले नगद आर्थिक सहयोग गरेको हो । मृतक बिनिताको श्रीमान विदेशमा रहेका छ र घरमा दुई छोर र एक छोरी रहेको छ । छोराहरु सानै छन । श्रीमान विदेशमा रहेपनि पैसा नपठाउंदा ऋणको कारण बेल्हीमा रहेको समेत ९ महिनाअघि नै बिनिताले बेचिसकेका छन । बिनिता नै घर चलाउने अभिभावक कारण उनको मृत्युपछि छोरा र छोरीलाई काजक्रिया समेत पैसा नभएको अवस्थामा सांसद यादवले उनको घर पुगेर नै क्रियामा बसेका छोरालाई आर्थिक सहयोग गरेका हुन । सो क्रममा नेपाली कांग्रेसका नेता बजरंग यादव र घनश्याम यादव सहितका नेता तथा स्थानीयको सहभागिता रहेको थियो ।

हार्दिक श्रद्धाञ्जली



जन्म मितिः
१९९५/०४/१४ गते
मृत्यु मितिः
२०७९/०८/१६ गते
प्रमानन्द साह तेली
महागढीमाई न.पा.–७ तेलकुअवा निवासी
स्व. प्रमानन्द साह जी को १३औं पुण्य तिथीको अवसरमा हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दै शोकाकुल परिवार प्रति हार्दिक सम्वेदना प्रकट गर्दछौं ।
बजरंगी प्रसाद साह
अध्यक्ष
एव तेलि कल्याण समाज बारा

# गाउँपालिका र वडामा व्यापारीहरुले लगाए ताला

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २८ ।
बजार समिति बनाउने विवादमा स्थानीय व्यापारीहरुले सिरहाको विष्णुपुर गाउँपालिका वडा नम्बर १ कार्यालयमा तालाबन्दी गरेका छन ।

आफुखुशी बजार समिती बनाउन नपाउँदा बिष्णुपुर बजारका व्यापारीहरुले वडा कार्यालयमा तालाबन्दी गरेको आरोप लगाइएको छ । महिनौदेखि समिति विहिन रहेका विष्णपुर बजारको समितिलाई पुर्णता दिन पहल भइरहेको छ ।

व्यापारीहरुबीच आफैमा कुरा नमिलेपछि समितिमा चयनमा विवाद उत्पन्न भएको छ । बिगततमा पनि
राजनीतिक परिपाटीका कारण गोप्य रुपले गठन हुँदै गरेको बिष्णुपुर बजार समिती यसपाली पनि
गोप्य रुपले बनाउन खोजेको कारण विवाद भएको एक व्यापारीले बताएका छन ।

उनले भने स्थानीय व्यापारीहरुबीच नै कुरा नमिलेपछि वडाध्यक्षलाई जानकारी गराउंदा बैठकमा नआउंदा आक्रोशित समूहले वडा कार्यालयमा तालाबन्दी गरेको हो । ती व्यापारीहरुले बजार समिति गठनको माग गर्दै मंगलवार विष्णुपुर गाउँपालिकामा समेत तालाबन्दी गरेको थियो ।

तर वडा कार्यालयबाटै समस्या समाधान गर्ने भनी सहमति पश्चात गाउँपालिकाको तालाबन्दी खोलिएको थियो । यता वडाध्यक्ष भोगेन्द्र प्रसाद यादवले बजार समिति गठन गर्न व्यापारीहरुकै मनसाय सकारात्मक नरहेको बताएका छन ।

उनले भने आफू दिउंसो १ बजेसम्म विष्णुपुर बजारमै रहदा बैठक कतै नबसेको देखेर कार्यपालिका बैठकमा सहभागी गएका थियौं । कार्यपालिका बैठक चलिरहेको बेला व्यापारीहरुले बैठकमा आउन फोन गरेपछि तपाईहरु छलफल गर्नु आफू बैठक सकाएर आइरहेछु भने, फोन गरेको केही क्षिणमै सम्पूर्ण कार्यपालिका सदस्यलाई थुन्दै



हिजो गाउँपालिकामै तालाबन्दी गरियो । अहिले वडा कार्यालयमा तालाबन्दी गरेको छ ।

यस सम्बन्धमा गाउँपालिका अध्यक्ष सत्यनारायण यादवले बजारका दुई चारजना राजनीतिक व्यापारीहरुको उक्साहटमा स्थानीय व्यापारीहरुले हुलदंगा गर्दै कार्यपालिकाको बैठक चलिरहेको बेला गाउँपालिकामा तालाबन्दी गरियो । उनले भने आफूखुशी समिति गठन नहुँदा राजनीति गर्ने केही व्यापारीहरुले उच्चश्रृंखल गतिविधि गरेका छन । उनले यस्ता उच्चश्रृंखल गतिविधि गर्ने विरुद्ध कारवाहीका लागि कानूनी प्रक्रिया अपनाउने समेत बताएका छन ।

## सम्पादकीय

# बालबालिका शिक्षामा गंभिर बनौं

बाराका सामुदायिक विद्याधालयहरुमा अनुदान र बालकोटाका शिक्षकहरुको भरमा विधालय चलाइएको समाचारहरु आएका छन्। जिल्लाको आर्दश कोतवाल गाँउपालिका वडा नम्बर ३ मा रहेका सार्वजनिक प्राथमिक विद्यालयहरु निलकन्ठवा मटियर्वा, रामक विद्यारा अधारभुत विद्याधालय खोपवा, जनता अधारभुत विद्यालय पिप्राबस्तपुर, नेपाल राष्ट्रिय अधारभुत विद्यालय, अकवनिया, जन सामुदायिक अधारभुत विद्यालय पोखरिया र श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय ईनर्वामाल भटिनियामा हाल रहेको सो विद्यालयमा नेपाल सरकारका एक जना पनि शिक्षक छैनन् ।स्यायी शिक्षक नहुदाँ पलिकाबाट अनुदानमा राखेका शिक्षक र बालकोटाका शिक्षिकाहरुले पठनपाठन गराउने गरेका पाइएको छ।

आधारभूत शिक्षा भनेको बालबालिकाको शिक्षाको जग हो । सानो उमेरमा केटाकेटीले चाडै धेरै कुरा सिक्ने क्षमता हुन्छ । उनीहरु जिज्ञासु पनि उत्तिकै हुन्छन् । त्यसैले साना केटाकेटीको शिक्षामा विशेष ध्यान दिनुपर्ने हुन्छ ।सानो कक्षाको शिक्षा जति राम्रो र प्रभावकारी हुनसक्यो त्यँही अनुसार उनीहरु माथ्लो कक्षामा उक्लदैं जाने हुन् । तर, आधारनै कमजोर भयो भने माथ्लो तहको शिक्षा पनि उनीहरुले ग्रहण गर्न सक्तैनन् । हामीकहाँ त्यसो सुसस्कृत सोच विचारको अभाव छ ।आधारभूत र निम्ममाध्यमिक विद्यालयहरुमा शिक्षा आयोग पास गरेका तालिमप्राप्त अनुभवि शिक्षक हुनुपर्ने हो । दक्ष शिक्षकबाट गुणस्तरिय शिक्षा प्रदान हुनेहुन्छ । पालिकाबाट अनुदानमा खटाइएका शिक्षकहरुमा त्यस्तो क्षमता हुँदैन । राजनीतिक प्रभाव र पुहँचका आधारमा नियुक्ती हुने शिक्षकबाट बालबालिकाहरुको पढाईमा गंभिर असर परिरहेको छ । सरोकारवाला निकायको गैरजिम्मेवारी तथा स्थानीय तहको मनोमानीका कारण भोलीका कर्णधारको भविष्य माथी खेलवाड भैरहेको छ ।

स्कूलहरु स्थानीय तह मातहत हुने भएपनि जिल्लामा शिक्षाको अवस्थाको प्रमुख जिम्मेवार जिल्ला शिक्षा समितिको हो । बारा जिल्ला शिक्षा समिति भने आफ्नो जिम्मेवारी काम पुरा गरिरहेको छैन । जिल्ला शिक्षा समितिको संयोजक जिल्ला समन्वय समितिको प्रमुख हुन्छ भने सदस्यहरुमा प्रमुख जिल्ला अधिकारी, सामुदायिक विद्यालय र संस्थागत विद्यालयहरुबाट १, १ जना गरि २ जना, अभिभावक, शिक्षाविदबाट ३ जना, जिल्ला शिक्षा महासंघबाट १ लगायत ९ जना हुन्छन्। सरकारी निकायका अधिकारीहरु कानूनी औपचारिकता निर्वाह गर्दै जागिर खान मस्त देखिन्छन् भने स्थानीय तहका जिम्मेवारहरु आफ्ना नातागोता, कार्यकर्तालाई स्कूलमा जागिर दिलाउनुलाईनै आफ्नो कर्तव्य ठानिरहेका देखिन्छन् । गर्व गरिरहेको हुन्छन् ।

बारा जिल्ला भरीमा प्राथमिक, निम्न माध्यमिक ,माध्यमिक र उच्च माध्यमिक विद्याधालय गरि ४ सय ३४ विद्यालयहरु रहेको देखिन्छ । त्यस्तै जिल्लामा अधारभुत, मावि, उच्च माविमा गरि १ लाख ४५ हजार ७ सय ७० जना विद्याधार्थी अध्ययनरत छन् । तिनीहरुलाई २ हजार ३ सय ४२ जना शिक्षकहरुले पठनपाठन गराउने गरेको शिक्षा विकास तथा समन्वय एकाई बाराले जानकारी दिएको छ । त्यस्तै प्राथमिक विद्यालयहरुमा १ हजार ६ सय ७५ निम्न माध्यमिक विद्यालयमा ३ सय ३१ माध्यमिक २ सय ४३ र उच्चमा विद्यामा ९३ जना शिक्षकहरु रहेको देखिन्छ ।

भैरहेका शिक्षकबाट व्यवस्थापना गर्न सकिन्छ भने बालबालिकालाई केन्द्रमा राखेर व्यवस्थापन गरौं । होइन भने नयाँ, तालिम प्राप्त शिक्षकहरु नियुक्ति गर्ने काम थालौं । जागिर खाने र राजनीतिक लाभहानीका लागि शिक्षक नियुक्त गर्ने परम्परा अन्त्य गरौं । साना लालाबालाको भविष्य माथी खेलवाड नगरौं ।

## परिदृश्य

# सत्ता गठबन्धनसँग विकल्प छन्, नरोजौं अध्यादेशको बाटो

*सहज, वैधानिक र लोकतान्त्रिक बाटो हुदाहुदैं अधिनायकवादी बाटोमा अग्रसर हुनुले देउवालाई तत्कालिन लाभ होला । तर,समग्रमा संसदीय लोकतन्त्रको पराजय हुन्छ र नेपाली काग्रेसले पछिसम्म बदनामिको भारी बोक्नुपर्ने हुन्छ ।*



– विश्वमणि पोखरेल

राजधानी काठमाडौंमा चिसो छ यतिखेर ।तर राजनीतिक दलहरुको सत्ता तातोले काठमाडौलाई अन्यौंलग्रस्त बनाएको देखिदैछ । कुनै पनि राजनीतिक दलले संघ र प्रदेशमा स्पष्ट बहुमत पाएनन् ।अहिले कुन दल कोसँग मिल्ने भन्ने प्रश्न मुखंरित भएको छ । र, के देखिादैंछ भने चुनाव अघि बनेको सत्ता गठबन्धनका दलहरु फेरी सत्ताकै कारण एक जुट हुँदैछन् । यता, प्रतिपक्षी एमालेको चुनावी गठबन्धन, भत्किएको छ, निर्वाचनको केही दिन अघिमात्र जोडिन पुगेको मधेशवादी दल जनता समाजवादी पार्टी (जसपा) एमालेबाट अलग्गिएको नेताहरुका अभिव्यक्ति र घटनाले औंल्याइरहेका छन् ।

आम निर्वाचन अघिको राजनीतिक समीकरण लगभग उस्तै रहेपनि संसदीय शक्ति सन्तुलनमा बद्लिएको छ । संघीय राजनीतिक राष्ट्रिय स्वत्रन्त्र पार्टी गहकिलो हैसियत सहित उदाएको छ । अर्को तिर, संघीय राजनीतिमा आंशिक र मधेश प्रदेशको राजनीतिमा बलियो हैसियत सहित जनमत पार्टी स्थापित भएको छ । एमाले गठबन्धनबाट लगभग बाहिरिएको जसपा घायल सिंह झै सत्ता राजनीतिमा आफ्नो भूमिकाको का खोजिमा भौतारि इरहेको देखिंन्छ । जसपा र जनमत दुई मध्ये एक सत्ता गठबन्धनमा जोडिने र अर्को प्रतिपक्षीय भूमिकामा खुम्चिनसक्ने अवस्थाले केन्द्रीय सत्ता र प्रदेश सरकार गठनका चुनौतीहरु छन् । मधेशको राजनीतिक पृष्ठभूमि र चुनावी राजनीतिमा जसपाका अध्यक्ष उपेन्द्र यादवलाई पराजित गरेर चर्चामा आएका जनमतका अध्यक्ष सीके राउत एउटै डुंगामा सायद बस्दैनन् ।

राजनीतिक परिदृश्यमा चुनावी प्रतिस्पर्धामा प्राप्त सिटको हैसियत तथा सत्ता प्राप्त भएपछि स्वभाविक रुपमा आउंने अवसरहरुको आँकलन गर्दे प्याकेजमा डिल गर्ने अभ्यासमा देखिंदैछ जिम्मेवार नेतृत्व । समानुपातिक सिटको जटिलता सकिएका छन् । अबको राजनीति भनेको सरकार बनाउने कसरत हो र यो अभ्याससँगै चाडै नयाँ राजनीतिक समीकरण बन्ने देखिन्छ ।

### केन्द्रीय सरकार

केन्द्रीय सत्ता सहित प्रदेशको सरकार पनि प्याकेजमा डिल हुने भएकोले केन्द्रमा बन्ने सरकार पछिमात्र प्रदेशहरुको सरकार निर्धारण हुन्छ । केन्द्रमा अहिलेको सत्तासिन नेपाली कांग्रेस प्रत्यक्ष ५७ र समानुपातिक ३२ गरेर ८९ सिटले सबै भन्दा माथी छ । एमाले प्रत्यक्षमा ४४ र समानुपातिक ३४ गरेर ७८ सिटको धनी छ । तेश्रो नम्बरमा प्रत्यक्षमा १८ र समानुपातिकमा १४ सहित ३२ सिटको माओवादी छ । चौथो स्थानमा रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीको प्रत्यक्ष ७ र समानुपातिक १३ सहित २० सिट छ । पाँचौं स्थानमा राप्रपाको प्रत्यक्ष र समानुपातिक दुबैमा ७, ७ गरेर १४ सिट छ । छैठौं स्थानमा जसपा प्रत्यक्ष ७ र समानुपातिक ५ गरेर १२ सिटको हैसियतमा छ ।सातौं स्थानमा नेकपा( एकिकृत समाजवादी) प्रत्यक्षमा १० सिटमात्र छ । राष्ट्रिय दलको मान्यता नपाएकोले संघमा नेकपा समाजवादीको समानुपातिक कुनै सिट छैन । त्यस्तै अवस्था आठौं नम्बर जनमत पार्टीको प्रत्यक्षमा एक र समानुपातिक ५ गरेर ६ सिट छ ।नवौ नम्बरमा लोसपाका ४ सांसद छन् । नागरिक उन्मुत्ति पार्टी ३ सांसद, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी एक एक तथा स्वतन्त्र सांसद ५ जना छन् ।

प्रत्यक्ष १ सय ६५ र समानुपातिक १ सय १० गरेर प्रतिनिधिसभा २ सय ७५ सांसद हुन्छन् । सरकार बनाउने गठबन्धनलाई न्यूनतम १ सय ३८ सिट आवश्यक हुन्छ । कांग्रेस नेतृत्वको अहिलेको गठबन्धन कायम हुने हो भने कांग्रेसको ८९ माओवादी ३२ नेकपा समाजवादी १०,लोसपा ४, राष्ट्रिय जनमोर्चा १ गरेर १ सय ३६ हुन्छ । सरकार बनाउन २ सिट पुग्दैन। सत्ता गठबन्धनलाई विकल्पहरु छन् । राष्ट्रिय स्वतन्त्र पार्टी २० सिट हैसियतको छ ।उसैलाई सहभागि गराउने नीति सबै भन्दा उत्तम हो । तर, वयोवृद्धहरुले युवाहरुको जमातलाई एक किसिमले इग्नोर गरेको जस्तै छ । राजनीतिक नेतृत्व गर्नेहरुले मुलुकको धरातलिय यर्थाततता आत्मसात गर्नसक्नुपर्दछ । स्वतन्त्र पार्टी अहिलेको नातीनातीना पुस्ताको प्रतिनिधि हो । मुलुकको जनसंख्याको ठ्याक्कै आधा २५ वर्ष मुनिकाहरु छन् । रवि लामिछाने नेतृत्वको पार्टी जोड्दा सरकार बनाउन आवश्यक भन्दा १८ सिट बढी हुन्छ । सहज बाटो छोडेर गलत र बदनाम हुने अध्यादेशको बाटोमा प्रधानन्त्री देउवा किन जान खोजेका हुन? बुझिनसक्नु छ । के देखिन्छ भने देउवाले पार्टी भित्रका आलोचकहरुलाई पनि विरोधी कित्तामा राखेर राजनीतिक गोटी चालिरहेका छन् । देउवा नेतृत्वको सरकार ३ सिट भएको नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीलाई अध्यादेशबाट जेल मुक्त गरेर सत्ताको साझेदार बनाउने प्रयासमा छ । त्यस्तै सर्त जनमतको पनि छ । नागरिक उन्मुक्ति र जनमतसँग तत्काल संझौता गर्ने संसद सुचारु भएपछि संसदबाट कानून बनाएर राजनीतिक मुद्धाहरुको समाधान गर्ने सहमति गर्न सकिन्छ । होइन भने ती पार्टीलाई प्रतिपक्षमै छोडेर सरकार बन्नसक्छ । एमालेबाट अलग भैसकेको जसपालाई साथ लिएर अगाडि बढ्ने विकल्प नभएको होइन । सहज, वैधानिक र लोकतान्त्रिक बाटो हुदाहुदैं अधिनायकवादी बाटोमा अग्रसर हुनुले देउवालाई तत्कालिन लाभ होला । तर,समग्रमा संसदीय लोकतन्त्रको पराजय हुन्छ र नेपाली काग्रेसले पछिसम्म बदनामिको भारी बोक्नुपर्ने हुन्छ । जनताको आदेश एमालेलाई जिम्मेवार प्रतिपक्षको भूमिका खेंल्नुपर्दछ भन्ने हो ।एमालेले सरकार बनाउँदा अहिलेको सत्ता गठबन्धन भत्कनुपर्दछ र नयाँ शिराबाट माओवादी एमाले सहितको समीकरण बन्नुपर्दछ । एमालेको ७८, जसपाको १२ र राप्रपाको १४ को जम्मा १०४ हुन्छ । जनमत ६, नागरिक उन्मुक्ति ३ तथा अन्य स्वतन्त्र सबै ५ जनासमेत जोड्दा ११८ सांसद पुग्दछन् ।नेकपा समाजवादी एमालेसँग जान सक्ने अवस्था देखिदैंन र राष्ट्रिय स्वतन्त्र पार्टी एमाले अध्यक्ष केपी शर्मा ओलीका कटु वचनले बिच्किएको हुनुपर्दछ। एमालेले सरकार बनाउन उसलाई माओवादीको साथ आवश्यक हुन्छ, तर त्यो अहिले संभव देखिन्न ।

अहिलेसम्ममा राजनीतिक घटनाक्रमले एमालेले प्रतिपक्षीय भूमिका खेल्नु वाहेकको विकल्प देखिदैंन ।

संसदीय राजनीतिमा सत्ता जत्तिकै भूमिका हुन्छ प्रतिपक्षको । विरोधका लागि विरोध गर्ने परम्परा त्यागेर प्रतिपक्षीय भूमिकामा एमाले जम्न सक्यो भने सही अर्थमा संसदीय अभ्यासमा नेपाल खरो उत्रन सक्छ । अघिल्लो संसदमा काग्रेसले जिम्मेवार भएर प्रतिपक्षिय भूमिका निर्वाह गरेको थियो भने सायद ओली यति धेरै अधिनायकवादी हुनसक्दैनथे । पहिलो संसद अस्थिर राजनीतिको चक्रमा फस्नुको पछाडि केही हदसम्म कागेसको पनि भूमिका छ ।

> *“संसदीय राजनीतिमा सत्ता जत्तिकै भूमिका हुन्छ प्रतिपक्षको । विरोधका लागि विरोध गर्ने परम्परा त्यागेर प्रतिपक्षीय भूमिकामा एमाले जम्न सक्यो भने सही अर्थमा संसदीय अभ्यासमा नेपाल खरो उत्रन सक्छ । अघिल्लो संसदमा काग्रेसले जिम्मेवार भएर प्रतिपक्षिय भूमिका निर्वाह गरेको थियो भने सायद ओली यति धेरै अधिनायकवादी हुनसक्दैनथे । पहिलो संसद अस्थिर राजनीतिको चक्रमा फस्नुको पछाडि केही हदसम्म काग्रेसको पनि भूमिका छ ।*

### प्रदेश एक : एक सिटको जसपा निर्णायक

अब प्रदेश सरकारका गणित हेरौं । प्याकेजमै डिल हुने भएपछि सातै प्रदेशमा गठबन्धन सरकार बन्ने छन् । प्रदेश नं एक ९३ जनाको प्रदेशसभा हुन्छ । प्रत्यक्ष ५६ र समानुपातिक ३७ सिटको प्रदेशसभामा सरकार बनाउन कम्तिमा ४७ जनाको समर्थन चाहिन्छ । प्रदेश १ मा एमाले प्रत्यक्ष २५ र समानुपातिक १५ गरेर ४० सिटले सबै भन्दा अगाडि छ । एमाले गठबन्धनको राप्रपा ६ सिट गरेर ४६ पुग्दछ, जसपा सहित कमजोर धरातलको सरकार एमालेको बन्नसक्छ ।उता, प्रत्यक्ष १७ र समानुपातिक १२ सहित २९ सिटको काग्रेसको छ । माओवादीको प्रत्यक्ष ९ र समानुपातिक ४ गरेर १३ तथा नेकपा समाजवादीको प्रत्यक्ष ३ र समानुपातिक १ गरेर ४ सिट हुन्छ ।सत्ता गठबन्धनको कूल जोडदा ४६ नै हुन्छ । एक सिटको भए पनि निर्णायक जसपा हुन आएको छ । जसपा जता गयो उसैको सरकार बन्ने हुन्छ ।प्रदेश एक वाहेकका कुनै पनि प्रदेशका जसपाको यस्तो निर्णायक हैसियत देखिदैंन ।

### मधेश प्रदेश : जनमत वा जसपा कुनै एक निर्णायक

प्रत्यक्ष ६४ र समानुपातिक ४३ समेत मधेश प्रदेशसभा १०७ सदस्यको छ । सरकार बनाउन कसैको पनि बहुमत छैन । कुनै पनि गठबन्धनले ५४ सिटको बहुमत जुटाउनु पर्दछ । एमालेको प्रत्यक्ष १५ र समानुपातिक ८ गरेर २३ सिट छ भने काग्रेसको प्रत्यक्ष १३ र समानुपातिक ९ गरेर २२ सिट छ । तेश्रो स्थानमा जसपासँग कूल १६ सिट छ । चौंथोमा जनमत १३ सिट, लोसपा ९, माओवादी ८ तथा नेकपा समाजवादीका ७ सिट छन् । संघीय समाजवादी, नागरिक उन्मुक्ति १, १ स्वतन्त्र ६ जना छन् ।

सत्ता गठबन्धनक काग्रेस, माओवादी,लोसपा, नेकपा जसपा सबैको जोडदा ४६ सिट हुन्छ । उता एमाले र जसपाको ३९ सिट पुग्दछ । मधेशमा प्रत्यक्ष ६ र समानुपातिक ७ सहित १३ सिटको जनमत निर्णायक देखिंन्छ । जनमत सत्ता गठबन्धननमा जोडियो भने ५९ को बहुमत पुग्दछ । जनमत सत्ता बाहिर रहेर जसपा सत्तामा गयो भने पनि काग्रेस नेतृत्वमा ६० सदस्यको बहुमत पुग्दछ ।

जसपा र जनमत दुबै एकसाथ सरकार जानसक्ने अवस्था देखिदैन । जसपा सत्ता गठबन्धनमा - बाँकी पृष्ठ ६ मा

# बढ्दो ‘केक कल्चर’को दुष्प्रभाव



- डा. रामदेव पण्डित
(आयुर्वेद चिकित्सक)

**केकमा खासै कुनै पोषक तत्व रहेको हुँदैन तर क्यालोरी भने अत्यधिक हुन्छ**

केक काट्ने संस्कृति पश्चिमबाट नेपालमा भित्रिएको हो भन्ने विषय अधिकांशलाई थाहा छ। यो संस्कृति अहिले नेपाली संस्कृति कै रूपमा शरहदेखी गाउँगाउँ (जनस्तर) सम्म अभ्यास भइरहेको छ। दैनिक लाखौंको केकको व्यापार हुने गर्दछ। बेकरी पसलहरूले अनलाइन अर्डर लिएर घरघरै केक डेलिभरी गर्न थालेपछि त यसको खपत झन् बढेर गएको छ। यो केक कल्चरको अभ्यास केहीले रहरले गरिरहेका छन् भने केहीले बाध्यतावश। घरघरमा केक काट्ने संस्कृति फेसनका रूपमा अभ्यास भइरहेको छ। धेरैलाई असहज लागे पनि यो अभ्यास दिनानुदिन नेपाली समाजमा बढिरहेको छ।

सानो सानो बच्चाबुच्चीले पनि हिजो आज जन्मदिन आउनु ६ महिना पहिलेदेखि नै आफ्नो जन्मदिनमा केक काट्ने कुराको चर्चा गर्छन्। आफ्ना साथीभाइलाई ६ महिना पहिलेदेखि नै केक खाने निम्ता दिने गरेको पाइन्छ। ६ महिना पहिलेदेखि नै आमाबुबालाई केकको लागि बारम्बार सोध्ने गर्छन्। आखिर त्यस्तो के नशा हुन्छ केकमा?

जन्मदिनको अवसरमा केक काट्ने चलन अहिले हाम्रो समाजको स्वभाविक एवं स्वीकृत संस्कृति बनिसकेको छ। एक वर्षको बच्चादेखि सयवर्षका बुढाबुढीसम्म पनि खुसीखुसी केक काट्न तम्सिन्छन्। यो अभ्यासलाई स्वाभाविक ठान्छन् र सहर्ष स्वीकार गर्दछन्। केक काट्नुप्रति गौरव महसुस् गर्दछन्। केक काट्दै गरेको पलको तस्बिर एवं भिडियो सामाजिक सञ्जालमा सार्वजानिक गर्न हतारिन्छन्। केक कति स्वास्थकर हुन्छ ? केट काट्नुको औचित्य के ? यी विषयमा सोच्ने समय कसैसँग छैन।

केक काट्ने अभ्यास अब जन्मदिन र वैवाहिक वर्षगाठका अवसरहरूमा मात्र सीमित छैन। नेपाली समाजको चाडपर्व एवं सामाजिक अवसर हरूमा पनि केकले प्रवेश पाउन थालेको छ। फादर्स डे, मदर्स डे, बेबी सावर आदि अवसरहरूमा पनि हिजोआज केक सजाउने र काट्ने चलन व्यापक चलेको छ। केही सांस्कृतिक अभियन्ताहरूले केक काट्ने अभ्यासको विरोध गरेको पाइन्छ जसलाई हाम्रो समाजले असहजतापूर्वक लिने गरेको छ।

७ जुन, सन् २०२० मा रोमन एस्ट्रच र समूहले न्युट्रियेन्टस् नामक अन्तर ाष्ट्रिय जर्नलमा प्रकाशन गरेको अनुसन्धानका अनुसार पछिल्लो ३० वर्षमा विश्वव्यापी रूपमा मोटोपन बढ्नुका धेरै कारणहरू मध्ये पेस्ट्री केकको अधिक खानपिन पनि एक प्रमुख पक्ष रहेको बताएको छ। अत: मोटोपनको बढ्दो महामारीलाई घटाउन अन्य धेरै कुराहरूमा सुधार गर्नुसँगै केक जस्तो हाई क्यालोरी र लो न्युट्रिएन्टस् भएको प्रशोधित जंकफुडको खानापिन गर्ने जीवनशैली छोड्नुपर्छ भनिएको छ। हिजो मात्र म एउटा कलेजको बिदाइ कार्यक्रममा सहभागी भएको थिएँ। अस्ति एकजना छिमेकी काकाको रिटायरमेन्ट पार्टीमा सहभागी हुने अवसर मिल्यो। ती दुवै ठाउँमा केक काट्ने कार्यक्रम राखिएको थियो। जन्मदिनको अवसरमा मात्र काटिने केक कल्चर अहिले जुनसुकै



अवसरका लागि उपयोगी र उपयुक्त मानिन थालेको छ। अझ भनौ द्रुत गतिमा विस्तार भइरहेको नवीन संस्कृति बन्दै गएको छ। किन यसरी फैलिँदै गएको यो अभ्यास ? आखिर केक काट्नुमा के त्यस्तो जादु हुन्छ जसले आम मानिसहरूलाई यो अभ्यासप्रति यसरी आकर्षित गरिरहेको छ।

**केक कति स्वस्थर ?**

केक एउटा खाने परिकार हो, पाउर ोटी जस्तै। पाउरोटीको परिस्कृत परिकारलाई नै केक भन्न सकिन्छ। केक बनाउने तरिकामा विश्वव्यापी रूपमा निकै विविधता पाइए पनि यसमा प्रयोग गरिने कच्चा पदार्थहरूमा भने धेरै समानता पाइन्छ। केकमा आधारभूत रूपमा मैदा (प्रशोधित पिठो), बटर, सेतो चिनी, सेतो नुन, तरल पदार्थ (प्राय: दूध, दही, आदि), अण्डा, बेकिङ सोडा आदि अनिवार्य रूपमा राखिने गरिन्छ। त्यस अतिरिक्त केकमा स्थिरता, स्वाद र आकर्षण आदिका लागि केकमा चकलेट र क्रिम पनि राख्ने गरिन्छ।

९८ प्रतिशत उपभोक्ताहरूले केक बजारबाट नै किन्ने गर्दछन्, मात्र २ प्रतिशतले घरमा बनाउने गर्दछन्। व्यावसायिक दृष्टिले बजारमा बेचिने केकमा अत्यधिक सेतो चिनी राखिएको हुन्छ। अधिक मात्रामा (बटर वा तेल वा डाल्डा) बोसो पदार्थ राखिएको हुन्छ। यी दुई चिजको अधिकताको कारण केक अत्यधिक क्यालोरीले भरिएको हुन्छ। त्यस अतिरिक्त केकलाई रङ्गिन एवं आकर्षक देखाउन अनेक खालका रङको समेत प्रयोग गरिएको हुन्छ जुन अस्वस्थकर हुन्छ।

७ जुन, सन् २०२० मा रोमन एस्ट्रच र समूहले न्युट्रियेन्टस् नामक अन्तर ाष्ट्रिय जर्नलमा प्रकाशन गरेको अनुसन्धानका अनुसार पछिल्लो ३० वर्षमा विश्वव्यापी रूपमा मोटोपन बढ्नुका धेरै कारणहरू मध्ये पेस्ट्री केकको अधिक खानपिन पनि एक प्रमुख पक्ष रहेको बताएको छ। अत: मोटोपनको बढ्दो महामारीलाई घटाउन अन्य धेरै कुराहरूमा सुधार गर्नुसँगै केक जस्तो हाई क्यालोरी र लो न्युट्रिएन्टस् भएको प्रशोधित जंकफुडको खानापिन गर्ने जीवनशैली छोड्नुपर्छ भनिएको छ।

केकमा विभिन्न खालको स्वाद (फ्लेवर) निकाल्न अनेक प्रकारका फलफुलको रस केक बनाउन तयार पारिएको पिठोमा मिसाइन्छ जसलाई स्वस्थकर मान्न सकिन्छ तर जब फलफूलको रस पिठोमा मिसाएर १५० डिग्री सेन्टीग्रेडसम्म पकाइन्छ त्यसपछि त्यो रसको प्राकृतिक स्वरूप बिग्रिएर जान्छ। फलत: त्यो पनि हानीकारक पदार्थ मै रूपान्तरण भइदिन्छ।

हाम्रो समुदायमा हरेकदिन कसै न कसैको जन्मदिन पर्छ र बच्चाहरू त्यस्ता अवसरमा सहभागी बनेर केक खाने गर्छन्। यसरी केक कै कारण आज धेरै बच्चाहरूमा सानै उमेरमा मोटोपनको समस्या आएको पाइन्छ। जसले धेरै स्वास्थ्य समस्याहरू निम्त्याइरहेको छ। केकमा हुने अत्यधिक चिनी र उच्च क्यालोरीयुक्त खाद्यले बच्चाहरूको मानसिक क्षमतामा निकै ह्रास ल्याउँछ। स्मरणशक्तिमा कमी आउँछ। मानसिक शान्ति र एकाग्रता नाश हुन्छ।

बजारमा पाइने लेज, चिप्स (जंक फुड) आदि जस्तै केकमा खासै कुनै पोषक तत्व रहेको हुँदैन तर

- बाँकी पृष्ठ ६ मा



बारीबाट सुन्तला टिपेर बिक्रीका लागि ग्रेडिङ गरेर छुट्टयाउदै कैलालीको चुरे गाउँपालिका-३ का स्थानीयवासी । तस्बिर : मीन ठकुरी/रासस

# ढाका बुनाइले महिलालाई स्वरोजगार बनायो

पाल्पा, २८ मङ्सिर

शान्ता उचै मगरलाई यतिबेला ढाकाका विभिन्न कपडा बुन्न भ्याइनभ्याइ छ । फुर्सदको समय तानमा बसेर ढाकाका सारी, चोलो, ब्लाउज, पछ्यौरा, कुर्तालगायतका विभिन्न ढाका कपडा बुनेर बिताउछन । ढाका कपडा बुन्न थालेदेखि आफू स्वरोजगार बन्दै गएको उहाँले बताए । बिहान साँझको घरको कामधन्दा सकाएर फुर्सदको समयमा ढाका बुन्ने गरिरहेको छु, यस क्षेत्रमा लागेपछि समयको सदुपयोग र स्वरोजगार बन्ने अवसर मिलेको छ, उनले भने , मैले सिकेको सीप अन्य महिलालाई पनि सिकाउने गरेको छु । उनी बिहान १० बजेदेखि साँझ ५ बजेसम्म ढाका बुन्नमा व्यस्त छन । ढाका बुनेर एक महिनामा रु २० हजारसम्मको कमाइ हुने गरेको उनले बताए । जीवन जीउन पहिलेदेखि धेरै सङ्घर्ष गर्नुभएकी उनी आफू मात्रै स्वरोजगार नभई गरिव, विपन्न, कामको खोजीमा रहेका अन्य महिलालाई पनि ढाका बुन्न सिकाउँदै स्वरोजगार बन्न प्रेरणा दिने गर्छन । घामपानी खेप्नु नपर्ने उद्योगभित्र बसेर हातले बुनेर जीविकोपार्जन गर्न पाइने यो व्यावसाय महिलालाई धेरै सहज भएको उनी बताउछन । घरेलु तथा साना उद्योग कार्यालय पाल्पा तथा स्थानीय ढाका उद्योगमा सीप सिकेकी उनी दुई वर्ष अघिदेखि पाल्पाको तानसेनस्थित स्वदेशी बस्त्रकला पाल्पाली ढाका टोपी उद्योगमा ढाका बुन्ने गर्छन । सानो सीप भए पनि तल्लिन भएर निरन्तर काम गरियो भने ढाका बुनेर राम्रै कमाइ गर्न सकिने उनको अनुभव छ । तानसेन नगरपालिका १२ बौघापोखराथोककी धनी थापाले पनि अहिले एक वर्ष अघिदेखि ढाका बुनेर आफ्नो खर्च जुटाउन थालेका छन । दिनभर घरमै फुर्सदमा बिताउने थापालाई ढाका बुनाईले व्यस्त बनाएको छ । तानसेन बजारमा कोठा भाडामा लिएर ढाका उद्योगमा काम गर्ने अवसर



पाउँदा उनीमा आत्मबल बढ्दै गएको छ । माथागढी गाउँपालिका-३ सराईका खिमकुमारी गाहाले ढाका बुनाइलाई नै प्राथमिकता दिएर आठ वर्षदेखि निरन्तर काम गर्दै आएका छन । तानसेन बजारमा भाडामा बसेर दिउँसोको समय ढाका बुन्ने त्यसैबाट आर्जन गरेको रकमले परिवार पाल्ने गर्छन । आफूले यस क्षेत्रमा काम गर्न थालेपछि आर्थिक क्षेत्रमा अरुको निर्भर रहनु नपरेको गाहा बताउछन । उनी भन्छन , हातमा सीप भयो भने जहाँ बसेर पनि जीवन धान्न सकिन्छ, ढाकाको सीपले मलाई आत्मनिर्भर बनाएको छ, दुई चार पैसाका लागि अरुसंग हात थाप्नुपरेको छैन, आफैँले कमाउन सुरु गरेपछि कसैको तनाव भएन । तानसेन-६ बर्तुङ बस्ने सानु केसीको ढाका सारीमा नयाँ बुट्टा, डिजाइन राखेर तयार पार्ने राम्रो कला छ । ढाकाका सबैजसो कपडा बुन्ने गरे पनि सारी बुन्न उनी बढी मन पराउछन । ढाका बुनाइसम्बन्धी तीन महिनाको सीप विकास तालिम लिएकी उनी तानमा बसेर ढाका बुन्न थालेपछि सीप वृद्धिसँगै आयआर्जनको क्षेत्रमा पनि अब्बल बन्दै गएको बताउछन । पछिल्लो समय ढाकाका सारी प्रयोग गर्ने बढ्दै गएका छन्, ग्राहकको रोजाइअनुसार विभिन्न डिजाइन भरेर सारी तयार पार्ने गरेको छु, तानमा बसेर ढाका बुन्दा आनन्द लाग्दछ, उनले भने । रिब्दिकोट गाउँपालिका-६ ठिमुरेकी विष्णु पुलामी छोराछोरी पढाउन सदरमुकाम तानसेनमा भाडामा बस्छन । दुई जना छोराछोरीको भविष्य उज्वल बनाउन उचित शिक्षाको खोजीमा पाल्पा सदरमुकाम तानसेनमा भाडामा बसेकी उनलाई ढाका कपडा बुनाइले भुलाएको छ । बिहान साँझ छोराछोरीको स्याहारसुसारमा व्यस्त रहने उनी छोराछोरीलाई स्कुल पठाएपछि दिउँसोको समय ढाका बुनाइमा खर्चने भएका छन । उनका श्रीमान् शिक्षण पेसामा गाउँमै कार्यरत हुनुहुन्छ । ढाका कपडा बुनाइमा संलग्न हुन थालेपछि सामान्य खर्चका लागि श्रीमान्को हात थाप्नु नपरेको उनले बताए । ढाका कपडा बुनेबापत एक मिटरको रु तीन सयदेखि चारसयसम्म कामदारले ज्याला बुझ्ने गर्छन् । हातको सीपले फुर्सदिला महिलालाई रोजगार गर्ने माध्यम ढाका कपडा बुनाइ बनेको छ । पछिल्ला वर्षमा सदरमुकाम तानसेनमा सञ्चालनमा रहेका विभिन्न ढाका उद्योगमा पाल्पाका धेरै महिला संलग्न छन् । बेरोजगार, विपन्न, फुर्सदिला महिलालाई ढाका उद्योगले स्वरोजगारको अवसर सिर्जना गरेको छ ।स्वदेशी बस्त्रकला पाल्पाली ढाका टोपी उद्योगका सञ्चालक पूर्णमाया महर्जनले हाल दैनिक दुई दर्जन बढी महिलालाई रोजगार दिएको बताउछन । पाल्पामै पहिलो ढाका उद्योग सञ्चालन गर्नुभएकी महर्जनले स्वरोजगार बनाउन महिलालाई सीप सिकाएर आफैँले उद्योगमा काम गर्ने अवसर दिएका छन । महिला आर्थिक क्षेत्रमा अब्बल नहुँदा घरपरिवार, श्रीमान्को अवहेलना सहनुपरेको छ, मैले महिला कामदारलाई मात्रै प्राथमिकता दिएर उद्योगमा तान बुन्न दिने गरेको छु, अहिलेसम्म पाँच हजारभन्दा बढी महिलाले सीप सिकिसकेका छन, महर्जनले भने । उनको उद्योगमा एक सय वटा विभिन्न खालका तान तयारी अवस्थामा छन् । पित्लुम (खाल्डेतान), हेण्डलुम, हाते जेकार्ड, हातेतान लगायतका तानमा बसेर महिलाले ढाका कपडा तयार पार्ने गरेका छन् । पाल्पाकै पहिलो र पुरानो उद्योग भएकाले यहाँ नयाँ पुराना सबैजसो तान चलनचल्तीमा आएका छन् । यस उद्योगमा नेपालका ३६ जिल्लाबाट सीप सिक्न आएर आफ्नो सीप विस्तार गरेका छन् । बिहानदेखि साँझसम्म उद्योगमा कामदार नियमित खटिरहेका हुन्छन् । आफूले जति धेरै उत्पादन गर्न सकियो सोहीअनुसार आम्दानी हुने भएकाले बिहानदेखि साँझसम्म निरन्तर ढाका बुन्नमा महिला व्यस्त बनिरहेका हुन्छन् । उद्योगका व्यवस्थापक मोहन हेम्चुरीका अनुसार यहाँ एक महिनामा तीन सय मिटरभन्दा बढी ढाका कपडा उत्पादन हुने गरेको छ। यहाँ उत्पादन भएको कपडा नेपाल अधिराज्यभर पुग्ने गरेको छ ।रासस

# "अर्थतन्त्रका लागि सरकार र निजी क्षेत्र एकसाथ अघि बढ्नुपर्छ"



काठमाडौँ, २८ मङ्सिर

अर्थमन्त्री जनार्दन शर्माले अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि सरकार प्रतिवद्ध रहेको बताएका छन । नेपाल आर्थिक पत्रकार सङ्घ (नाफिज) को १३औं वार्षिक साधारणसभालाई बुधबार यहाँ सम्बोधन गर्दै उहाँले निजी क्षेत्रप्रति सरकारले फरक दृष्ट्रिकोण राखेको छैन, अर्थतन्त्रको महत्वपूर्ण हिस्सा मानेको छ भने ।सरकारले निजी क्षेत्रलाई अर्कै नजरले हेर्छ भन्ने बुझाइ छ, तर सरकारले आफ्नै अभिन्न अङ्गका रुपमा लिएको छ, निजी क्षेत्रले दिएका सुझाव नै सरकारको नीतिमा पर्ने गरेका छन, अर्थमन्त्री शर्माले भने । अहिले अर्थतन्त्रमा देखिएका समस्या आन्तरिक कारणले मात्र नभइ विश्वव्यापी रुपमा सिर्जित बाह्य परिदृश्यका कारणसमेत रहेको जनाउँदै उनले समस्या समाधानका लागि सरकार र निजी क्षेत्र एकसाथ अघि बढ्नुपर्ने बताए ।प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन भर्खरै मात्र सम्पन्न भएको र निर्वाचित प्रतिनिधिले अब विकासको आवश्यकतालाई पहिलो प्राथमिकतामा राखेर काम गर्नुपर्ने पनि अर्थमन्त्री शर्माको भनाइ छ। नागरिकमा विकासको चाहना छ र यो संवैधानिक आवश्यकता पनि हो । अहिलेको अवस्थामा उत्पादन वृद्धि र आयात प्रतिस्थापन गर्ने कुराको महत्व छ। यसका लागि राज्यका सबै निकाय त्यसलाई कटिबद्ध भएर लाग्न म आग्रह गर्दछु उनले भने ।नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले अहिले तरलता अभावलगायत कारणबाट निजी क्षेत्र समस्यामा परेको भए पनि यो समस्या सधैं नरहने बताए ।बजारमा आइरहेका समस्याबाट निजी क्षेत्र प्रताडित भएको छ । यसलाई हामीले सहनै पर्छ । तर अब विस्तारै तरलता अभावलगायतका समस्या कम हुँदै जान्छन् । उनले भने । पछिल्लो समय बजारमा तरलता केही सहज भएको भए पनि आगामी पुस महिना अझै केही चुनौती रहेको उनले बताए । पुसमा सरकारले राष्ट्र ऋण उठाउने र पुनःकर्जालगायतको असर देखिने गभर्नर अधिकारीको भनाइ छ ।अहिले अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि राज्यले हस्तक्षेप गर्नुपर्ने भन्ने निजी क्षेत्रको चाहनाबारे गम्भीर भएर सोच्नुपर्ने पनि उनले बताए । राज्यको प्रत्यक्ष हस्तक्षेप होस् भन्ने निजी क्षेत्रको चाहना छ । तर, त्यो कति काउन्टर प्रोडक्टिभ होला त्यसबारे सोच्न जरुरी छ । एउटा क्षेत्र सुधार्न खोज्यो अर्को क्षेत्रमा सन्तुलन बिग्रन्छ । त्यसकारण सबैकुरा एकैपटक सुधार गर्न सकिन्न । गभर्नर अधिकारीले भने ।सोही कार्यक्रममा धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमालले पुँजी बजारलाई थप प्रभावकारी र पारदर्शी बनाउन निमायकले काम गरिरहेको बताए । नियामकले जुनसुकै नीति ल्याउँदा परिणाम हेरेर ल्याउँछ । कुन नीतिले कस्तो प्रभाव पार्छ भन्ने पर्ने गरेको हुन्छ । उनले भने , पुँजी बजारलाई अर्थतन्त्रको मुख्य अङ्ग बनाउन पारदर्शी र व्यावसायिक बनाउन बोर्डले भूमिका खेलिरहेको छ ।नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्र ढकालले अहिले राजनीतिमा नभइ आर्थिक मुद्दा प्राथमिकतामा पर्नुपर्ने बताउनुभयो । आर्थिक समृद्धिका कुरा ओझेलमा पर्दा र सरकारकै अन्तर निकायबीच समन्वय हुन नसक्दा विकास निर्माणका काम झिनामसिना समस्याले अल्झिने गरेको उनको भनाइ छ । अहिलेका समस्या समस्या निजी क्षेतत्रको मात्र समस्या होइन । तरलता अभाव समस्याले लगानी बढाउन नसकेको, मुद्रास्फीतिले आम उपभोक्ताको खपतमा समस्या रहेको छ । यसले सरकारी राजस्वमा पनि असर पारिरहेको छ । उनले भने । नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष कमलेशकुमार अग्रवालले अहिले तरलता अभाव समस्या कायमै रहेकाले सरकारले आन्तरिक ऋण उठाउन नहुने धारणा राखे । सरकारले अहिले आन्तरिक ऋण उठाएमा तरलतामा थप समस्या देखिन्छ । त्यसकारण केही समय आन्तरिक ऋण नउठाउन हाम्रो आग्रह छ । उनले भने । यद्यपि, यी समस्या नेपालको मात्र नभइ विश्वव्यापी रुपमा नै देखिएको उनको भनाइ छ ।रासस

# दुर्लभ पन्छी हुचिल लोप हुँदै

उदयपुर, २८ मङ्सिर

उदयपुरको पूर्वी क्षेत्रको बेलका तथा चौदण्डी गढीको पहाडी क्षेत्रको भीरपाखामा पाइने दुर्लभ पन्छी हुचिल लोप हुँदै गएको छ। वासस्थानको समस्या तथा सिकार गर्ने गरेका कारण हुचिल हिजो आज यस क्षेत्रबाट लोप हुँदै गएको छ ।बेलका नगरपालिकाको मैनामैनीको सुघाचरी भिर पाखा, बोपताङ डाँडाको भिरपाखा, चम्पाकोट पाखा तथा चौदण्डी गढीको सिद्धीपुर र बेलकाको कटुन्जेबबलाको पाखा पहरातिर केही वर्ष अघिसमम व्यापकरुपमा पाइने हुचिल हिजोआज यस क्षेत्रमा पाइन छोडेको चौदण्डी बबलाका रामबहादुर मगर बताउछन । केही वर्षअघिसम्म चौदण्डीको कटुन्जे बबलाको भिरपाखा तथा जङ्गल क्षेत्रमा हिउँद वर्षा दुवै याममा हुचिल जताजतै पाइन्थ्यो, उनले भने । केही वर्षयता यसको सिकार हुन थालेको र केहीले यसको वासस्थानसमेत नष्ट गरेको पाइएको मगर बताउछन । हुचिलको सिकार गर्न गोप्यरुपमा अन्यत्र जिल्लाबाट सिकारी आउने गरेको उनको भनाइ छ। स्थानीयसँग मिलेर हुचिल सिकार गर्ने गरेको पाइएको मगर बताउछन । बेलका नगरपालिका-५ को मैनामैनी क्षेत्रको बोपताङ डाँडा पाखा क्षेत्र, चम्पाकोट तथा सुघाचरी भीरपाखामा समेत विगतमा धेरै सङ्ख्यामा हुचिल पाइन्थ्यो । स्थानीय




मानबहादुर राई केही समययता फाटफुट्ट मात्र देख्न सकिने बताउछन। हिजोआज गाउँघरमा रातभरि नै हुचिल कराएको सुनिदैन, उनले भने । हुचिल मार्न, पक्रन र पासो थाप्न यहाँ बाहिरबाट आउने गरेका स्थानीयवासी बताउँछन् । हुचिल जिउँदै अन्यत्र लगेर बिक्री गर्ने गरेको पाइएको छ। जिउँदो हुचिल रु २० हजारसम्ममा बिक्री हुने गरेको छ । बेलका नगरपालिकाका पूर्व नगरप्रमुख दुर्गाकुमार थापा आफूले बेलकाको मैनामैनीको सुगाचरी भिर बोपताङ डाँडा र भिरमा पाइने दुर्लभ प्रजातिका गिद्धको संरक्षण र हुचिल संरक्षणको अभियान नै चलाएको बताउछन। रासस

# बांकेमा मागको एक तिहाइ मात्रै मल मौज्दात

खजुरा, २८ मङ्सिर

बाँकेमा हिउँदे यामका लागि तीन हजार मेट्रिक टन युरिया मलको आवश्यकता छ । तर, कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङमा गरी एक हजार मेट्रिक टनभन्दा कम युरिया मल मात्रै मौज्दात छ । यो मागको एक तिहाइ मात्रै हो । जिल्लामा हालसम्म नौ सय ८२ मेट्रिक टन मल मात्रै आएको कृषि सामग्री कम्पनी लिमिटेड, नेपालगन्जका प्रमुख रमेशकुमार पौडेलले बताए । उनका अनुसार हालसम्म साल्ट ट्रेडिङबाट एक सय ३१ दशमलव आठ मेट्रिक टन युरिया मल मात्रै किसानसम्म पुगेको छ। साल्ट ट्रेडिङले केही दिनअघि बिक्री सुरु गरे पनि कृषि सामग्री कम्पनी लिमिटेडले सोमबारदेखि सहकारीलाई मल उपलब्ध गराउन सुरु गरेको पौडेलले बताए । हालसम्मको अवस्था हेर्दा यस पटक पनि बाँकेमा मलको अभाव हुने देखिएको छ । मागको ३० प्रतिशत मात्र मल आउँदा सबै किसानले नपाउने अवस्था छ । व्यक्तिगत प्रयोगका लागि भारतीय बजारबाट मल ल्याउने किसानलाई सहजीकरण गर्न प्रशासनसँग अनुरोध गरिएकाले केही राहत हुने कृषि सामग्री कम्पनी लिमिटेडले जनाएको छ । कृषि सामग्रीले कोहलपुर नगरपालिका, राप्तीसोनारी, डुडुवा, बैजनाथ, खजुरा र नरैनापुर गाउँपालिकाका सहकारी संस्थालाई मल वितरण सुरु गरेको छ। जानकी गाउँपालिका र नेपालगञ्जका सहकारी संस्थालाई पनि छिट्टै मल वितरण गरिने कृषि सामग्री कम्पनीले जनाएको छ। बाँकेमा वार्षिक सात हजार मेट्रिक टन युरिया र दुई हजार पाँच सय मेट्रिक टन डिएपी मलको माग रहेको छ । हालसम्म साल्ट ट्रेडिङमा सात सय एक मेट्रिक टन मल आएको छ। उक्त मल गहुँ लगाउने बेला उपलब्ध हुने अवस्था नरहेको कृषि सामग्री कम्पनी लिमिटेडले जनाएको छ । साल्ट ट्रेडिङमा हिउँदे यामका लागि एक सय ७५ मेट्रिक टन डिएपी मलको कोटा रहेकामा हालसम्म ७७ दशमलव ८५ मेट्रिक टन मात्र आएको छ ।रासस



गत असोजको अविरल वर्षासँगै आएको बाढीले भैँसेगौडामा निर्माण गरेको पक्कीपुल बगाएपछि स्थानीयवासीले आफूहरु आवतजावत गर्न र सवारीसाधन सञ्चालनका लागि निर्माण गरेको काठेपुल । तस्बिरः पुष्पराज भट्टराई/रासस

# सबै सरकारले आश्वासन मात्र दिए, न्याय दिएनन्: अध्यक्ष चौधरी

टीकापुर, २८ मङ्सिर

नागरिक उन्मुक्ति पार्टीका केन्द्रीय अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरीले कैलालीको टीकापुर घटना राजनीतिक प्रकृतिको रहेकाले यसका आरोपीहरुलाई मुक्त गर्ने आश्वासन यसअघिका सरकारहरुले पनि पटक पटक दिएका तर न्याय भने नपाइएको गुनासो गरेका छन । हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा कैलाली क्षेत्र नं १ बाट विजयी उहाँले रासससँग कुरा गर्दै भने " हाम्रो पार्टीका संस्थापक रेशम चौधरीलगायत टीकापुर घट्नाका आरोपीहरु निर्दोष रहेकाले तिनको रिहाइका लागि यसअघिका सरकारहरुले पटक पटक लिखित एवं मौखिक प्रतिबद्धता गरेपनि कार्यान्वयन भने गरेनन् । "अध्यक्ष चौधरीले उहाँहरु निर्दोष हुँदाहुँदै पनि जेल जीवन बिताउन बाध्य हुनुपरेको जिकीर गरे ।

नेता तथा मन्त्रीहरुले यो राजनीतिक प्रकृतिको घटना हो, त्यसैले उनीहरु रिहा हुनुपर्छ भनिरहेका तर रिहाइको पहल भने नगरेको उनको गुनासो थियो । उनले भने "यसअघिका सरकारले पनि छुटाउने आश्वासन दिएका थिए । अघिल्लो सरकारका प्रधानमन्त्री केपी ओलीका पालामा त सरकार र हामीबीच लिखित सम्झौता नै भएको हो, त्यो सार्वजनिक नै छ सबैले हेर्दा पनि हुन्छ ।

माओवादी अध्यक्ष प्रचण्ड सरकारमा हुँदा पनि छुटाउने आश्वासन दिएका थिए । हाम्रो भेटमा उनले यो राजनीतिक प्रकृतिको मुद्दा भएकाले रेशमलाई न्याय हुन्छ भनेका थिए । तर सबै सरकारले आश्वासन मात्र दिए, काम कसैले गरेनन् ।"सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता (पहिलो संशोधन) अध्यादेश २०७९ जारी गर्ने निर्णय गरेकाले राजनीतिक क्षेत्रमा यसको पक्ष र विपक्षमा विभिन्न धारणाहरु आइरहेका बेला नागरिक उन्मुक्ति पार्टीका केन्द्रीय अध्यक्ष चौधरीको यो भनाई आएको हो ।

अघिल्लो अर्थात् केपी ओलीको सरकारका पालामा विसं २०७७ फागुन २० गते तत्कालीन गृहमन्त्री रामबहादुर थापा र विप्लव नेतृत्वको नेकपाबीच तथा विसं २०७८ जेठ १८ गते नेपाल सरकारका तर्फबाट कानुन न्याय तथा संसदीय मामिलामन्त्री लिलानाथ श्रेष्ठ र थारु कल्याणकारिणी सभा थारुवान संघर्ष समितिका



प्रमुख रुकमिणी चौधरीसहितको टोलीबीच टीकापुर घटनाका आरोपीहरुलाई रिहा गर्ने विषयमा लिखित सम्झौता भएको थियो । आफूहरुले निर्वाचन अघि पनि यस क्षेत्रका सबै दलका नेताहरुसहित प्रधानमन्त्रीलाई भेटेर टीकापुर घटना राजनीतिक घटना भएकाले निर्दोषलाई न्याय दिन आग्रह गरेको अध्यक्ष चौधरीले बताए । रेशमलगायतकाको रिहाइको पहलमा प्रधानमन्त्री सकारात्मक देखिएको उनले बताए । बोल्ने बेलामा सबै नेताहरुले रेशमसहित जेलमा रहेकाहरु निर्दोष छन् भन्ने गरेका तर पनि उनीहरुलाई न्याय दिने काममा भने कोही पनि अग्रसर नभएको देखिएको उनको गुनासो छ । उनको जिज्ञासा थियो "यसपटक पनि सरकारले न्याय दिन्छु भनेको छ, सरकारले अध्यादेश जारी गरेको हामीले सुनेका छौँ, पहिलेजस्तै आश्वासन मात्र हो कि वास्तवमै सरकारले न्याय दिन्छ हेरौँ ।" उनले आफू र आफ्नो पार्टीले अरु केही नमागेर निर्दोषहरुलाई जेलबाट रिहाइ मात्र मागेको बताउछन ।

जनताले भने आफू र रेशम चौधरीलाई न्याय दिएको उनको भनाइ छ । आफ्नो निर्वाचन प्रचारप्रसारका क्रममा पनि नागरिकले रेशम निर्दोष रहेको र यसका लागि आवश्यक परे आफूहरुले आन्दोलन पनि सुरु गर्ने बताएका उनले सुनाए । चौधरीले भने कैलालीका जनताले अन्यायका विरुद्धमा मतदान गरेका छन, सबैले रेशमलाल चौधरीसहित जेलमा रहेका निर्दोष युवाको रिहाइका लागि जनमत प्रकट गरेका छन । मत माग्दै जाँदा मलाई लाग्छ सबैको चासो पनि यही थियो । उनीहरुले यो अन्यायका विरुद्धमा मत प्रकट गरेर मतमार्फत् रेशमलगायतका बन्दीहरुको रिहाइको अपिल गरेका छन । उनले अघिल्लो निर्वाचनमा पनि नागरिकले रेशमजीलाई न्याय गरेको प्रसंग उल्लेख गर्नुभयो । तर पनि उनलाई जेलमुक्त गरिएन र यसका कारण कैलालीको यो क्षेत्र पाँच वर्ष नै जनप्रतिनिधिविहीन भयो । रेशमलाई जस्तै नागरिकले आफूलाई पनि न्याय दिएको उनको भनाई छ ।

यहाँका सबै नागरिक रेशमलाल चौधरीसहितका बन्दी जीवन बिताइरहेकाहरु निर्दोष हुन् भनेर आवाज उठाएको र मत माग्दै जाँदा सबैले रेशमको रिहाइको अपिल गरेको उनले सुनाए । अघिल्लो निर्वाचनमा पनि नागरिकले रेशम जीलाई न्याय गरेका उनको अनुभव छ । उनी भन्छन यहाँका नागरिकले रेशमजीलाई मत दिएर जिताएकै हुन् । नागरिकले रेशम चौधरीलाई सांसद विजयी गराउनुको अर्थ उहाँ निर्दोष हो रिहाइ गर्नुपर्छ भन्ने होइन र ? तर पनि सरकारले गरेको छैन । आफूले निर्वाचनका क्रममा मतदाताहरुबाट सकारात्मक प्रतिक्रिया पाएको उनको अनुभव छ । धेरै माया र उत्साह आफूलाई मतदाताले दिएको उनले बताए । सबैको चाहना परिवर्तन र न्याय चाहिन्छ भन्ने रहेको तथा यहाँका नागरिकले आफूलाई मत दिनु भनेकै न्याय र परिवर्तनका लागि हो भनेर बुझेको उनले बताए । आफ्नो क्षेत्रमा शान्ति, अमनचयन, विकास र समृद्धिका लागि आफु लाग्ने पनि उनले प्रण गरे । निर्वाचित भएपछिका दिनहरु उहाँले आफ्ना मतदातालाई धन्यवाद दिएर बिताइरहेका छन । यसअघिको प्रतिनिधिसभा निर्वाचनमा टीकापुर घटनाका मुख्य आरोपी रेशमलाल चौधरी निर्वाचित भएका थिए । निर्वाचित भएपछि कैलालीमा आत्मसर्मपण गरेका चौधरी हाल जेल जीवन बिताइरहेका छन । उनी जेलमा रहेकाले यस क्षेत्र पाँच वर्षसम्म नेतृत्वविहीन भयो । यसपटक भने रेशमकै धर्मपत्नी रञ्जिता श्रेष्ठ यसै क्षेत्रबाट भारी मतान्तरले विजयी भए ।

गत सातामात्रै नागरिक उन्मुक्ति पार्टीले टीकापुरमा पत्रकार सम्मेलन गरी टीकापुर घटनाको मुद्दा सरकारले फिर्ता लिनुपर्ने प्रमुख माग राखेको छ । नागरिक उन्मुक्तिले कैलालीका एक, दुई र तीनगरी तीन क्षेत्रमा प्रतिनिधिसभा सदस्य निर्वाचन जितको छ । आफ्नो निर्वाचन क्षेत्रबारे उनी भन्छन मेरो निर्वाचन क्षेत्रमा धेरै समस्याको चाङ छ । म निर्वाचनका बेला जहाँ पुगे समस्या मात्रै देखेका छु । यहाँ अभाव, गरिबी, समस्या धेरै छन् । यी सबै कुरा पाँच वर्षमा एकएक गर्दै सुधार्नु छ । जहाँ जहाँ पुगे त्यहाँ स्वास्थ, बाल शिक्षा, शुद्ध खानेपानीको अभाव, रोज़गारीका अवसरको कमी, विपद्को जोखिम, बाढीको पीडा, सडक विस्तार नभएका जस्ता विविध समस्या छन् । यी धेरै समस्यालाई पाँच वर्षमा विस्तारै पूरा गर्दै जाने योजना छ । रासस

## लिलाम हुनुपर्ने गाडी.........................................

दाखिला गरिएको सवारीसाधनहरुलाई भन्सार कार्यालयले बेबारिसे रुपमै परिसर भित्र राख्दै आएपछी मोटर्स पार्टसहरु समेत चोरी भएको देखिन्छ । सुरक्षाकर्मीले चालु हालतमा भन्सार कार्यालय दाखिला गरेका सवारीसाधन अहिले कामै लाग्ने स्थितीमा नभएको भन्सार कर्मचारीहरु बताउँछन् । शसस्त्र प्रहरीको बोर्डर आउट पोष्ट, भन्सार सुरक्षा गार्ड तथा भन्सार कार्यालयको परिसरमा राखिएको ती सवारीसाधनहरु वर्षेनी आउँने बाढीका कारण कवाडको रुपमा परिणत भएको छन् ।

भन्सार कार्यालयमा ठुला तथा साना गरी करिब १२ सय सवारीसाधन रहेको जानकारी दिदै गौर भन्सार कार्यालयका सूचना अधिकारी रेवती राम रोक्का चाडै लिलाम प्रक्रिया अघि बढाउने बताउँछन् । विगतमै लिलाम गर्दा सरकारको राजस्वमा राम्रो प्रगति हुने थियो तर अहिले सम्भव नभएको बताउँदै उनले भने अधिकाँश गाडीहरु स्क्रेपमै जाने भईसकेकोले राजस्वमा असर पर्ने छ । सबै आवश्यक प्रक्रिया पुरा गरेर लिलाम प्रक्रिया सुरु गर्ने बताउँदै रोक्काले गाडीहरु भन्सार सुरक्षा गार्ड र शसस्त्र प्रहरी बेश क्याम्पको परिसरमै थन्काएर राखिएको जानकारी दिए । गाडीका पार्टपुर्जाहरु चोरी भएको सम्बन्धमा रोक्का भन्छन् 'सुरक्षाकर्मीले जे जस्तो हालतमा ल्याएर कार्यालयमा दाखिला गरेका थिए सोही अनुसार नै छन् ।

## बढ्दो 'केक कल्चर'को .................................

क्यालोरी भने अत्यधिक हुन्छ। केकलाई उच्च तापक्रममा तयार पारिने भएकाले त्यसको घटकमा हुने प्राकृतिक तत्व केही पनि बाँकी रहेको हुँदैन । केकमा डेरी प्रडक्टस् बटर वा दूध वा दहीसँग अण्डा मिसाइन्छ जुन सर्वथा सैद्धान्तिक रूपमा सही होइन। दुवै खाद्य फरक प्रकृतिका हुन् र दुवैमा अधिक प्रोटिन हुन्छ। यसर्थ यी दुई चीजलाई मिसाउनुलाई एक तरिकाले विरूद्ध मान्न सकिन्छ। घटकहरूको गलत संयोगले बनेको केकले पाचन शक्तिलाई असन्तुलित गर्दछ। पेटको जठराग्निलाई मन्द पार्दछ। सही तरिकाले नपचेको तत्वहरू आन्द्रामा गएर टासिन्छ। फलतः अधिक केक सेवन गर्ने व्यक्तिमा स्वभाविक रूपमा कब्जियत उत्पन्न हुन्छ। पाचन प्रणली सम्बन्धी अनेक समस्याहरू उत्पन्न हुन्छन् । सबै केक पूर्णतया हानिकारक हुन्छ भन्ने होइन तर निसन्देह बजारबाट किनेर ल्याइएका केकहरू भने हानिकारक हुन्छन्। शरीर र मन दुवैका लागि अस्वस्थकर हुन्छ। स्वस्थकर मानिने केकमा तुलनात्मक रूपमा कम हानिकारक तत्वहरू हुने मात्र हो। त्यहाँ पनि अस्वस्थकर तत्वहरूकै प्रधानता हुन्छ। समग्रमा केक मानव स्वास्थका लागि अहितकर हुन्छ। कहिलेकाँही मात्र त्यस्तो केक खानुले धेरै गडबडी नल्याउला तर बच्चाबुच्चीहरूलाई दैनिकजसो पर्ने जन्मदिन आदि अवसरहरूमा लानु र केक खुवाउने अभ्यास दीर्घकालीन स्वास्थ समस्याहरूको कारण बन्नसक्छ।

केक खाने संस्कृति नेपाली संस्कृति होइन। केक स्वास्थ्यको दृष्टिले स्वस्थकर हुँदैन। दैनिक रूपमा केक खाने अभ्यास गरियो भने यसले बच्चाहरूको स्वास्थमा गम्भीर खालका स्वास्थ्य समस्या ल्याउन सक्छ। केक कल्चर पैसाको मात्र नाश हो। यो कुनै पनि दृष्टिले हितकर छैन। यस विषयमा हरेक व्यक्ति समयमै सचेतहुनु जरूरी छ । शांकेतिक तस्बिरः अभिनेतृ शिल्पा पोखरेल आफ्नो जन्मदिन मनाउँदै । *श्रोतः आइएनएस-स्वतन्त्र समाचार*

## नपाको कार्य ठप्प.................................

ठप्प हुन गएको हो । एमालेबाट निर्वाचित उपप्रमुख सहितका जनप्रतिनिधिहरु स्थानीय सरकार सञ्चालन कार्यविधि २०७४ लागू सहित विभिन्न ६ बुँदे माग गर्दै समेत आन्दोलनमा छन ।

### कार्यविधिको आड्मा कमाउने सूत्र

विवादको मूल जड स्थानीय सरकार सञ्चालन कार्यविधिबाट कतै कमाई मर्ने त कतै कमाई बन्ने हो । २०७४ बनेको कार्यविधिमा नगरस्तरीय योजनाको अन्तिम भुक्तानी वडा कार्यालयको सिफारिसमा हुने हो, वडाध्यक्षले योजना सम्पन्न भएको सिफारिस गरेपछि मात्रै भुक्तानी हुने भएकाले ती जनप्रतिनिधिको कमाई हुने र नगरप्रमुख पक्षधरको बन्द हुनेले एकपक्ष आफ्नो अडानमा छ ।

तर २०७६ मा संशोधित कार्यविधिमा नगर स्तरीय अनुगमन समितिको सिफारिससहित अन्तिम किस्ता भुक्तानी हुनुपर्ने प्रावधान भएकाले वडास्तरीय जनप्रतिनिधिको कमाई हुने बन्द हुने र नगरप्रमुख पक्षलाई कमाई हुन सक्ने र वडास्तरीय जनप्रतिनिधिको बन्द हुने भएकाले अर्को पक्षले आन्दोलनमा आन्दोलनमा रहेको कुरा स्थानीय बुद्धिजीवीहरुको भनाई छ ।

पछिल्लो जनप्रतिनिधिले बहुमतमा हुँदा आफ्नो पक्षको कमाई बनाउन कार्यविधि संशोधन गरियो अहिले आएर एमाले पक्षधर बहुमत हुँदा पुरानै कार्यविधिको माग गर्दै आएको हो ।

२०७४ कार्यविधिको दफा ४ को उपदफा (ग) मा ' नगरपालिका स्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समितिको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ' भन्ने व्यवस्था थियो । त्यसलाई २०७६ मा संशोधन गरी 'वडा स्तरीय योजना बाहेक अन्य आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नुपर्ने व्यवस्था गरेको छ ।

त्यस्तै कार्यविधिको २०७४ को दफा १४ मा 'सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन, नापी किताब, प्रमाणित विल भरपाई, योजनाको फोटो, सम्बन्धित उपभोक्ता समितिले आयोजना सञ्चालन गर्दा भएको आय व्ययको अनुमोदनसहितको निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखा परीक्षणको निर्णयको प्रतिलिपि तथा सम्बन्धित कार्यालयको वडा कार्यालयको सिफारिस सहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नु पर्ने' व्यवस्था रहेको थियो । २०७६ मा त्यसलाई संशोधन गरेर 'वडास्तरीय योजनाबाहेक अन्य योजनाहरूमा सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको कार्यसम्पन्न प्रतिवेदन नापी प्रमाणित बिल भरपाई योजनाको फोटो सम्बन्धित उपयोक्ता समितिले आयोजना सञ्चालन गर्दा भएको आयव्ययको अनुमोदनसहितको निर्णय उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखा परीक्षणको निर्णयको प्रतिलिपी तथा नगर स्तरीय अनुगमन समितिको सिफारिससहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नुपर्ने' व्यवस्था कायम गरियो ।

उपमेयर राधादेवी यादवले २०७६ मा गरिएको कार्यविधिको संशोधन खारेज गर्नुपर्ने माग गरिन् । उनले 'मेयरले एकलौटी सरकार सञ्चालन गर्ने कार्यविधि २०७६ मा खारेज गर्नुपर्छ । २०७४ लागू हुनुपर्छ', उपमेयर राधादेवीले भनिन्, 'तर त्यसलाई मेयर पक्ष लागु गर्ने पक्षमा छैनन् । २०७४ लागुन नभएसम्म हाम्रो संघर्ष जारी रहन्छ ।'

उनले नगराईन नगरपालिकाको विगतका सरकारबाट बहुमतको दम्भले पारित अप्रजातान्त्रिक बुँदा सहितका कार्यविधिहरू संशोधन हुनुपर्ने, विभिन्न क्षेत्रगत समितिहरूको छलफल गराई परिषद्का लागि आधार तयार गराउनु पर्ने र नगर कार्यपालिकाका सबै सदस्यहरूको बैठक बसी परिषद्को मिति तय गरी यथाशीघ्र नगर परिषद् गर्नुपर्ने मागसमेत गरेकी छन् ।

उता मेयर विनयकुमार यादवले बहुमत कार्यपालिका सदस्यको आडमा नगरपालिकालाई एमाले पक्षले अनिर्णयको बन्दी बनाएको आरोप लगाएका छन । उनले आफूले नगरपरिषद गराउन लचकता देखाएपनि उपप्रमुख राधादेवी सहितका जनप्रतिनिधिलेनगरपालिकालाई बन्धक बनाएकाले परिषद् गराउन नसकेको बताए । उनले भने नेकपा एमालेबाट निर्वाचित भएका उपप्रमुख, वडाध्यक्ष तथा कार्यपालिका सदस्यहरूले राखेको ५ बुँदे माग सम्बोधन गराउनका लागि हदैसम्मको लचकता अपनाउँदा समेत उच्च अदालतले उपभोक्ता समितिको विषयमा बनेको निर्देशिकाको विषयमा फैसला गरिसकेकाले फैसला विपरित संशोधन गर्न नसकिने बताए ।

## कर्मचारी अभाव.........................

बनेको गौर भन्सार कार्यालयका सूचना अधिकारी रेवती राम रोक्काले बताए ।

कार्यरत नायब सुब्बाहरुको गत कात्तिकमा सरुवा भएर आएपछि फागुनमा सरुवा बुझेर गएका थिए । उनीहरुको स्थानमा विभागले हालसम्म कसैलाई पठाउन नसकेको गुनासो कर्मचारीहरुको रहको छ ।

कर्मचारी आभावका कारण कामकाजमा ढिलाई हुन थालेपछि व्यापारीहरु पनि अन्य नाका रोजेको बताईएको छ । सुरुमा दैनिक भीडभाड हुने सो कार्यालयमा अहिले सुनसान देखिएको छ ।

## सत्ता गठबन्धनसँग विकल्प ..........................

आयो भने प्रदेश एक र दुईमा उसको सत्ता साँझेदारी हुनसक्छ । मधेश प्रदेशको संसदमा संघीय समाजवादी, नागरिक उन्मुक्ति पार्टीको एक एक तथा ६ जना स्वतन्त्र सांसद छन् ।जनमत सत्ता राजनीतिबाट अलग रहेको अवस्थामात्र यी पार्टीको भूमिका हुने हुन्छ ।

### वागमति प्रदेश : कांग्रेसको पल्लाभारी

वागमतिको प्रदेश संसद १ सय १० सदस्यिय हो । जसमा कांग्रेसको ३७ सिट, एमालेको २७ सिट, माओवादी २१ सिट, राप्रपा १३ सिट, एकिकृत समाजवादी ७ सिट, नेमकिपा ३, हाम्रो नेपाल पार्टीको १ सिट छन्। सरकार बनाउन न्यूनतम ५६ को बहुमत चाहिन्छ । सत्ता गठबन्धनका कांग्रेस, माओवादी र एकिकृत समाजवादीको ६५ हुन्छ । उता, एमाले राप्रपाको जम्मा ४० सिट हुन्छ । नेमकिपा र हाम्रो नेपाल पार्टी सरकार बनाउने भूमिकामा छैनन् ।

### गण्डकी प्रदेशः कांग्रेस बलियो

गण्डकी प्रदेशसभा ६१ सदस्यिय हो । सरकार बनाउन ३२ सांसदको बहुमत आवश्यक हुन्छ । नेपाली कांग्रेसको २७, एमाले २२, माओवादी ८, राप्रपा २, समाजवादी १ र स्वतन्त्रको २ सिट छन्। कांग्रेस, माओवादी र समाजवादीको जोड्दा ३६ सिट हुन्छ । एमाले राप्रपाको जम्मा २४ सिट हुन्छ ।

### लुम्बिनीःबहुमत पुऱ्याउन ७ दल

लुम्बिनी प्रदेशको प्रदेश ससद ८७ सदस्यिय हो । सरकार बनाउन न्यूनतम ४४ सांसद आवश्यक हुन्छ र सबैभन्दा ठूलो दल एमाले २९ सिट भएपनि सत्ता गठबन्धनलेनै बाजी मार्ने संभावना छन् । लुम्बिनीमा कांग्रेसको २७, माओवादी ९, जसपा ३, नागरिक उन्मुक्ति ४, राप्रपा ४, लोसपा ३, जनमत ३, एकिकृत समाजवादी १, जनमोर्चा १ र ३ जना स्वतन्त्र सांसद छन् । अहिलेसम्मको केन्द्रीय राजनीतिका आधारमा कांग्रेस, माओवादी, लोसपा, जनमत, नागरिक उन्मुक्ति, जनमोर्चा र नेकपा समाजवादी समेतको जोड्दा ४७ को बहुमत पुग्दछ । एमालेको २९ र राप्रपाको ४ गरेर ३३ हुन्छभने जसपा जोडिदा ३६ सिटमात्र पुग्दछ ।

### कर्णाली : माओवादी निर्णायक

कर्णाली प्रदेशसभाका ४० सदस्यिय छ । सरकार बनाउन २१को बहुमत आवश्यक हुन्छ । कर्णालीमा कांग्रेस १४, माओवादी १३, एमाले १०, एकिकृत समाजवादी तथा राप्रपा एक एक र स्वतन्त्र १ सांसद छन् ।

कांग्रेस र माओवादी हाराहारी जस्तो भएकोले सत्ता गठबन्धको पक्षमा २७ सिटको बलियो बहुमत पुग्दछ । एमाले गठबन्धनमा आफ्नो र राप्रपा गरेर ११ सिटमात्र हुन्छ ।

### सुदुरपशिचमःनागरिक उन्मुक्तिको उदय

सुदुरपश्मिको संसद ५३ सदस्यिय हो । यहाँ सरकार बनाउन २७ को बहुमत आवश्यक हुन्छ ।सुदुरपश्चिममा नेपाली कांग्रेस १८, माओवादी ११, एमाले १०, नागरिक उन्मुक्ति पार्टी ८, नेकपा समाजवादी ४, राप्रपा र स्वतन्त्र एक एक सिट छ । सरकार बनाउन कांग्रेसको १८ र माओवादीको ११ जोड्दा बहुमत पुग्दछ । सुदुरपश्चिमको राजनीतिमा रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टीको उदय भएको छ । माओवादी र एमाले जस्ता स्थापित पार्टीकै हाराहारीमा नागरिक उन्मुक्ति पार्टी आएको हो । सरकार बनाउन कांग्रेस माओवादी सक्षम भएपनि राजनीतिक समीकरणमा उन्मुक्तिको महत्वपूर्ण भूमिका हुने देखिान्छ ।

चुनावबाट प्राप्त गणितको आधारमा केन्द्र र प्रदेश पनि कुनै एक दलको सरकार बन्न सक्तैन । दलहरु आपसमा मिल्नुको विकल्प छैन ।विचार शुन्य राजनीतिक अभ्यासमा गणितको अर्थ रहन्छनै । सरकार बनाउन अध्यादेशको सहारा लिने जुन उद्यम भइरहेको छ, त्यसको औचित्य देखिन्न । आम निर्वाचनले नयाँ जनादेश दिएको छ । जनादेशको भावना बुझौं । सत्ता गठबन्धनमा स्वतन्त्रपार्टीको साथ लिने उदारता आवश्यक छ भने जसपा एमाले छोडेर फेरी सत्ता गठबन्धनमा आउँन र ल्याउँन दुबै तर्फ तयार हुनुपर्ने देखिन्छ । यसो गर्दा केन्द्र लगायतका सातै प्रदेशमा सत्तागठबन्धनका सरकार बन्नसक्छन् ।जनमत, नागरिक उन्मुक्ति र एमाले जिम्मेवार प्रतिपक्षको भूमिमा बस्छन् ।

कसैको बहुमत नपुग्ने भएपछि आपसमा मिल्नुको विकल्प छैन । दलहरुबीचको मिलनले राजनीतिक स्थायित्वको ग्यारेण्टी गरोस्, अहिले सरकार बन्ने र दुई वर्ष पछि भाँडभैलो हुने स्थिति नहोस् ।



अर्जेन्टिनाका फ्यानहरूले ब्युनस आयर्सको ओबिलिस्कमा क्रोएसिया र अर्जेन्टिनाबीच कतार २०२२ विश्वकपको सेमिफाइनल फुटबल खेलपछि आफ्नो टोलीको जित मनाउँदैछन् । (इमिलियानो लासाल्भिया ⁄ एएफपी द्वारा फोटो)

# विश्वकप फुटबल : अर्जेन्टिना फाइनलमा



काठमाडौँ, २८ मङ्सिर

अर्जेन्टिना कतारमा जारी विश्वकप फुटबल २०२२ को फाइनलमा प्रवेश गरेको छ । कतारको लुसेइल रङ्गशालामा आज भएको खेलमा क्रोएसियालाई ३-० गोलअन्तरले पराजित गर्र्दै अर्जेन्टिना फाइनलमा पुगेको हो । फाइनलमा अर्जेन्टिनाले फ्रान्स र मोरक्कोबीचको विजेतासँग उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ ।खेलको ३४औं मिनेटमा लियोनल मेस्सीले पेनाल्टीमार्फत् गोल गर्दै अर्जेन्टिनालाई सुरुवाती अग्रता दिलाएका थिए भने खेलको ३९औँ मिनेटमा जुलियन अल्भारेजले गोल गर्दै अग्रता दोब्बर बनाए । साथै ६९औँ मिनेटमा अल्भारेजको दोस्रो गोलपछि अर्जेन्टिनाले ३-० गोलअन्तरको जीत सुनिश्चित गऱ्यो । जीतसगै अर्जेन्टिनाले सन् २०१८ मा रुसमा भएको विश्वकपको समूह चरणको खेल क्रोएसियासँग ३-० को हारको बदला पनि लिएको छ । क्वार्टरफाइनलमा अर्जेन्टिना र क्रोएसिया दुवै टोली पेनाल्टी सुटआउटमा विजयी हुँदै सेमिफाइनल प्रवेश गरेका थिए । अर्जेन्टिनाले नेदरल्याण्ड्सलाई र क्रोएसियाले ब्राजिललाई पराजित गर्दै सेमिफाइनलमा पुगेका थिए । विश्वकपमा अर्जेन्टिनाको यो छैटौं पटकको फाइनल यात्रा हो । अर्जेन्टिना यसअघि सन् १९३०, १९७८, १९८६, १९९०, २०१४ फाइनलमा पुगेको थियो भने दुई पटक विश्वकप उपाधि जितेको छ । सेमिफाइनलको दोस्रो खेल नेपाली समयअनुसार बुधबार राति १२:४५ बजेदेखि सुरु हुनेछ । रासस

# न्युजिल्याण्डमा चुरोट खरिदमा आजीवन प्रतिबन्ध



वेलिङ्टन, २८ मङ्सिर

न्युजिल्याण्ड सरकारले जनस्वास्थ्य रक्षालाई केन्द्रमा राखेर चुरोट खरिदमा आजीवन प्रतिबन्ध लगाएको छ । विशेष गरी युवावर्गलाई लक्ष्यित गरी सरकारले त्यसमा आजीवन प्रतिबन्ध लगाएको हो ।

सुर्तीजन्य धूमपानलाई चरणबद्धरूपमा नियन्त्रण गर्न सरकारले पारित गरेको कानुनअनुसार अब सन् २००९ जनवरी १ वा त्यसपछि जन्मेका कसैलाई पनि सुर्ती वा चुरोट बेच्न पाइने छैन । यसको अर्थ अब चुरोट किन्न न्यूनतम उमेर बढ्दै जानेछ ।

सैद्धान्तिक रूपमा, अब ५० वर्ष पछि चुरोटको प्याकेट किन्न खोज्ने जोकोहीले आफू कम्तीमा ६३ वर्ष पुगेको परिचयपत्र देखाउनुपर्नेछ । स्वास्थ्य अधिकारीहरूले त्यो भन्दा पहिले देशबाट धुमपानको अम्मल हराउने विश्वास गरेका छन् । उनीहरुले सन् २०२५ सम्ममा न्युजिल्याण्डलाई धुमपानमुक्त बनाउने लक्ष्य लिएका छन् ।

नयाँ कानूनले चुरोट बेच्न अनुमति दिने खुद्रा बिक्रेताको सङ्ख्या पनि छ हजारबाट घटाएर छ सय पुऱ्याएको छ भने सुर्तीमा निकोटिनको मात्रा पनि उल्लेख्यरूपमा घटाएको छ ।

मानिस मार्ने उत्पादन बेच्ने अनुमति दिनुपर्ने कुनै उपयुक्त कारण नभएको तथा त्यसलाई प्रयोग गर्ने आधा मानिस त्यसबाट मर्ने जोखिम उच्च रहेको स्वास्थ्य मन्त्री डा. आयशा भेरलले संसद्मा बताइन् । उनले प्रतिबन्ध लगाउने कानुन पारित भएपछि धूमपानको अन्त्य हुनेमा आफू विश्वस्त रहेको बताइन् । धूमपानबाट हुने क्यान्सर, हृदयाघातलगायत जटिल रोगको उपचार गर्ननपर्ने भएपछि अर्बौं डलर जोगिने छ, अहिलेको युवापुस्ताको स्वास्थ्य स्वस्थ रहनेछ । र, त्यसले भावी पुस्तालाई धूमपानरहित जीवन जिउन प्रेरित गर्नेछ, उनले भनिन् । (रासस⁄एपी)


# आतंकवाद नियन्त्रणमा सबैको समन्वय आवश्यक : लेबनानी प्रधानमन्त्री



बेरुत, २८ मङ्सिर

लेबनानका कार्यबाहक प्रधानमन्त्री नाजिब मिकातीले आतङ्कवादका विरुद्धमा लड्नका लागि कुनै एकमात्र देशको प्रयास सम्भव नभएकाले सबै देशले आपसमा सहयोग र समन्वयका साथ लाग्नुपर्ने बताएका छन । उनले भने - कुनै एक देश आतङ्कवादीहरुबाट पीडित छ भने यो समस्या कुनै एक देशले मात्र सामना गर्न सक्दैन, सबैको सहयोग आवश्यक पर्दछ । सबै देशले एक आपसमा समन्वय गरेर सहकार्य गर्नुपर्दछ । आतङ्कवादको नियन्त्रणका विषयमा लेबनानको राजधानी बेरुतमा मङ्गलबार आयोजना गरिएको एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले सो धारणा राखेका हुन । प्रधानमन्त्री मिकातीले भने - विश्व नै गएका केही दशकदेखि आतङ्कवादको चपेटामा परेको छ, विश्वको कुनै एक देश नभएर विश्वका कैयौँ देश यो समस्यामा परेका छन्, त्यसैले यसको नियन्त्रणका लागि विश्वले नै समन्वयात्मक रुपमा काम गर्नुपर्छ ।उनले विश्वमा कैयौँ देशमा पछिल्ला वर्षहरुमा आतङ्कवादले क्षति पुऱ्याएको, कैयौँ नागरिकको ज्यान गएको र अरु धेरै भौतिक सम्पत्तिको पनि क्षति भएकाले यो समस्यालाई समाधान गर्न कुनै एकमात्र देशको प्रयास सम्भव नहुने बताए । लेबनानी सुरक्षा निकायहरुले पनि विगतमा आतङ्कवाद नियन्त्रणका लागि विभिन्न अपरेशनहरु गरेको, आतङ्कवाद नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरेको र सम्भावित आतङ्कवाद हमला रोक्नका लागि निकै सतर्कता अपनाएको पनि उनले बताए । (रासस⁄सिन्ह्वा)

# कंगो बाढीपहिरो: सय जनाको मृत्यु



किन्सासा, २८ मङ्सिर

भारी वर्षाका कारण यहाँ आएको बाढीपहिरामा परी कम्तीमा एक सय जनाको मृत्यु भएको छ भने कैयौँ घाइते भएका छन् । प्रधानमन्त्री जीन मिसेल सामा लुकोन्डेले खोज तथा उद्धारमा अधिकारीहरू अझै क्रियाशील रहेका बताएका छन । प्रधानमन्त्री लुकोन्डेले बाढीपहिरामा परी हराएकाको खोजी भइरहेको, त्यसबाट भएको क्षतिको आकलन पनि भइरहेको सरकारी टेलिभिजनलाई बताएका छन । झण्डै १२ लाख जनसङ्ख्या रहेको राजधानी किन्सासाका २४ वटा क्षेत्र बाढीपहिराबाट अधिक प्रभावित भएका छन् । घरहरू डुबेका छन् भने सडक भत्किएका छन् । गालिमिया क्षेत्रमा ३६ जना भन्दा बढीको मृत्यु भएको तथा शवको गणना भइरहेको, सहरको अर्को भागमा एकै परिवारका पाँच जनाको मृत्यु भएको तथा केहीको करेन्ट लागेर मृत्यु भएको नगरप्रमुख अलिद शिबान्डाले बताएका छन् ।

गत सोमबारदेखि परेको अविरल वर्षाले महाविपत्ति निम्त्याएको नगरप्रमुख शिवान्डाले बताए । अधिकांश क्षति अनुमतिबिना बनाइएका घरमा भएको छ । सन् २०१९ मा पनि बाढीपहिरामा परी ३२ जनाले ज्यान गुमाएका थिए । (रासस⁄एपी)

# विश्वकप फुटबल प्रतियोगिता : फ्रान्स र मोरक्कोबीच दोस्रो सेमिफाइनल हुने



काठमाडौँ, २८ मङ्सिर

कतारमा जारी फिफा विश्वकप फुटबलअन्तर्गतको दोस्रो सेमिफाइनल खेल साविक विजेता फ्रान्स र मोरक्कोबीच हुनेछ । कतारको दोहास्थित अल बायत रङ्गशालामा उक्त खेल बुधवार राति १२:४५ बजे सुरु हुनेछ । फ्रान्स मोरक्कोलाई पराजित गर्दै लगातार दोस्रो पटक विश्वकपको उपाधि जित्न चाहन्छ । फ्रान्स क्वाटरफाइनलमा इङ्ल्यान्डलाई २-१ गोलले हराउँदै सेमिफाइनलमा पुगेको हो ।

अफ्रिकी राष्ट्र मोरक्को भने विश्वकपमा पहिलो पटक सेमिफाइनलमा पुगेको हो । मोरक्को फ्रान्सलाई पराजित गर्दै एतिहासिक उपलब्धि हासिल गर्न चाहन्छ । यी दुई टोलीबीच विश्वकपमा पहिलोपटक प्रतिस्पर्धा हुन लागेको हो । क्वाटरफाइनलमा पोर्चुगललाई १-० गोलले हराएर मोरक्कोले सेमिफाइनलमा स्थान बनाएको हो । बुधवारको विजेताले उपाधिका लागि फाइनलमा अर्जेन्टिनासँग खेल्नेछ । गए राति अर्जेन्टिनाले क्रोएसियालाई ३-० गोलले हराएर फाइनल यात्रा तय गरेको छ । रासस

# मेसी भन्छन् - विश्वकपमा मेरो अन्तिम खेल

२८ मंसिर, काठमाडौं ।

अर्जेन्टिनाका कप्तान लिओनल मेसीले विश्वकपका आफ्नो अन्तिम खेल आउने आइतबार हुने बताएका छन् ।कतारमा जारी विश्वकप अन्तर्गत अर्जेन्टिनाले आइतबार फ्रान्स वा मोरक्कोसँग फाइनल खेल्नेछ ।मेसीले त्यही फाइनल विश्वकपमा आफ्नो अन्तिम खेल हुने बताए ।मेसीको प्रेरणादायी प्रदर्नशमा अर्जेन्टिनाले मंगलबारको पहिलो सेमिफाइनलमा क्रोएसियालाई ३-० ले हराएको थियो । १९८६ पछि अर्जेन्टिनालाई पहिलो उपाधि जिताउने लक्ष्यमा मेसी छन् ।‘म धेरै खुशी अनुभव गरिरहेको छु । फाइनलमा मेरव अन्तिम खेल खेल्दै विश्वकपको यात्रा समाप्त गर्न पाउनु खुशीको कुरा हो,’ मेसीले अर्जेन्टाइन मिडिया डियारिओ डेपोर्टिभो ओलेसँग भने ।

‘अब अर्को आउनका लागि धेरै वर्ष लाग्छ र मलाई लाग्दैन कि म यो गर्न सक्षम हुनेछु । र यसरी समाप्त गर्नु सबैभन्दा राम्रो हो,’ अर्जेन्टिनाका कप्तानले थपे ।३५ वर्षीय मेसी आफ्नो पाँचौ विश्वकप खेलिरहेका छन् । डिएगो म्याराडोना र जाभिएर मास्केरानोले ४-४ विश्वकप खेलेका छन् ।कतारमा पाँचौ गोल गरेपछि मेसीले विश्वकपमा आफ्नो ११औं गोल गर्दै सर्वाधिक गोल गर्ने अर्जेन्टिनी खेलाडीको कीर्तिमान बनाए । उनले गाब्रीएल बाटिस्टुटाको १० गोललाई पछि पारे ।‘यो कीर्तिमान राम्रो हो ।

तर महत्वपूर्ण कुरा भनेको हाम्रो उदेश्य पूरा गर्नु हो । जुन सबैभन्दा सुन्दर कुरा हुनेछ, मेसीले थपे, ‘कडा मिहिनेतपछि हामी एक स्टेप टाढा छौँ । यसपटक यसलाई पूरा गर्न हामी सबै दिन तयार छौँ ।’मंगलबारको जितपछि आफ्नो टिम छैटौं पटक विश्वकपको फाइनल पुगेको खुशी मनाउन अर्जेन्टिनाको सडकमा हजारौँ दर्शक उपस्थित थिए ।

# सांसद प्रदिप यादवद्वारा स्व. सर्राफको परिवारलाई १ लाख रुपैया प्रदान गर्ने घोषणा

## महासंघद्वारा १३ औं दिनको पुण्य तिथीमा श्रद्धाञ्जली सभा

मधेशदृष्टि
वीरगन्ज, मंसिर २८

पर्सा क्षेत्र नम्बर १ बाट हालै निर्वाचित प्रतिनिधिसभा सदस्य एवं पूर्व बनमन्त्री प्रदीप यादवले पत्रकार स्वर्गीय नरेश सर्राफको परिवारलाई एक लाख रुपैयाँ आर्थिक सहयोग गर्ने बताएका छन् । स्व. सर्राफको १३ औँ दिनको पूण्यतिथीका अवसरमा नेपाल पत्रकार महासंघले आयोजना गरेको श्रद्धाञ्जली सभालाई सम्बोधन गर्दै सांसद् यादवले १ लाख आर्थिक सहयोग उपलब्ध गराउने घोषणा गरेका हुन् ।



सांसद् यादवले प्रधानमन्त्रीलाई भनेर भएपनि अर्थ मन्त्रालयबाट सर्राफका परिवारको लागि विशेष राहतको व्यवस्था गर्ने आश्वासन दिएका छन्। पर्साको पत्रकारिता क्षेत्रमा सर्राफको निधनले क्षति भएको बताउँदै यादवले सर्राफले् अंगालेको मार्गबाट निर्देशित भई निष्पक्ष र निडर पत्रकारिता गर्नुपर्नेमा जोड दिए ।

सर्राफ स्वच्छ छविका र ईमान्दार पत्रकार भएको बताउँदै यादवले उनको जस्तो स्वभाव भएको पत्रकार पर्साले पाउन मुस्किल पर्ने बताए ।

विशेष गरी भूइँतहका र सर्वसाधारण नागरिकका समस्या एवम् पिडाहरुलाई खोजी खोजी पत्रकारिता गरेमा उनीप्रति सच्चा श्रद्धाञ्जली हुने विश्वास पनि यादवले व्यक्त गरे । पत्रकारको हकहित र पेशागत सुरक्षा एवम् मर्यादाका लागि सदैव एकरुप भएर लाग्न आग्रह गर्दै पर्साको पत्रकारिताको उचाईलाई अँझै बढाउन यादवले सञ्चारकर्मीहरुलाई सुझाव दिए । यसैविच वीरगन्जका क्रियाशिल युवा पत्रकार स्वर्गिय नरेश सर्राफको बुधबार १३ औं दिनको पुण्य तिथीमा नेपाल पत्रकार महासंघ पर्सा शाखाले अक्षय कोष स्थापना गरेको छ । महासंघ पर्सा शाखा कार्य समिति सदस्य समेत रहेका सर्राफको १३ औं दिनको पूण्य तिथीमा बसको महासंघको वैठकले अक्षय कोष स्थापना गर्ने निर्णय गरेको हो ।

स्वर्गिय पत्रकार नरेश सर्राफको १० औं दिनको पुण्य तिथीको अवसरमा रेडियो वीरगंजले पूर्वसहकर्मी समेत रहेका सर्राफको छोरीको पठन पाठनका लागि १ लाख रुपैयाको चेक प्रदान गरेको थियो । रेडियो बीरगंज परिसरमा आयोजित श्रद्धाञ्जली कार्यक्रममा वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले नरेश सर्राफको स्मृतिमा स्थापना गरिने अक्षय कोषमा १० लाख रुपैया दिने, तत्काल परिवारको लागि ५ लाख रुपैया उपलब्ध गराउने र छोरीको लागि वीरगंजको बालिकाले रोजेको विद्यालयमा निःशुल्क पठन पाठन गराउने घोषणा गर्नु भएको थियो । श्रद्धान्जली सभामा पत्रकार महासंघका केन्द्रिय सचिव दिपेन्द्र चौहान, मधेसप्रदेश महासचिव श्याम बन्जारा, केन्द्रिय सदस्य केसी लामिछाने , प्रेस युनियनका केन्द्रिय सचिव अशोक तिवारी , समाजवादी प्रेस संगठनका केन्द्रिय सदस्य राघव साह , प्रेस सेन्टरका केन्द्रिय सदस्य निरज पिठाकोटे मगर , वीरगन्ज उद्योग वाणिज्य संघका उपाध्यक्ष हरि गौतम लगायतले शोक मन्तव्य व्यक्त गरेका थिए ।

# महावाणिज्यदूतद्वारा तटबन्धको शिलान्यास

मधेशदृष्टि
वीरगंज, मंसिर २८ ।



बीरगंज स्थित भारतीय महावाणिज्यदूत नितेश कुमारले बुधबार चितवनको खैरहनीमा नदी कटान नियन्त्रण गर्न वृहत्त तटबन्ध गर्ने कार्यको शुभारम्भ गर्नु भएको छ । तटबन्ध निर्माण गर्ने कार्यको महावाणिज्यदूत नितेश कुमारसँगै खैरहनी नगरपालिकाका नगर प्रमुख शशिकुमार खनियाले संयूक्त रूपमा शिलान्यास गरेका हुन् । भारत-नेपाल विकास साझेदारी अन्तर्गत उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रूपमा खैरहनी नगरपालिका वडा नम्बर ७ देखि १० सम्म ४० दशमलव ६० मिलियन अर्थात ५ करोड भन्दा बढीको लागतमा निर्माण गर्न लागिएको जनाइएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै महावाणिज्यदूत नितेश कुमारले यस परियोजनाको कार्यान्वयन टोलीले सबैको साथ र सहयोगले तोकिएको समयभित्र काम सम्पन्न गर्ने विश्वास व्यक्त गरे । कुमारले नेपाल र भारतबीचको घनिष्ठ सम्बन्धमा अर्को कोसेढुङ्गा थपिने हुँदा आयोजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न भारत सरकारको पूर्ण सहयोग रहने बताए । कार्यक्रममा खैरहनी नगरपालिकाका नगर प्रमुख शशि कुमार खनियाले यस परियोजना सफल गर्न भारत सरकारले गरेको सहयोग प्रति धन्यवाद ज्ञापन गरे ।

भारतले नेपालका सबै क्षेत्रमा स्वास्थ्य, शिक्षा, खानेपानी, विद्युत जडान, सरसफाइ र अन्य सार्वजनिक सुविधाहरूको निर्माणको क्षेत्रमा काम गर्दै आएको छ ।

# शिक्षामा राजनीति नगरौं : नगर प्रमुख सिंह

मधेशदृष्टि
वीरगञ्ज मंसिर २८।

वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले वीरगञ्जको शैक्षिक क्षेत्र सुधारका लागि सबैको साथको आवश्यकता रहेको बताएका छन् । संस्थागत विद्यालयको स्तरीकरण र शुल्क निर्धारण गर्ने काम नेपालमै पहिलो पटक गरिएको भन्दै उहाँले यसलाई कार्यान्वयनमा लैजान एक अर्कासँग हातेमालो गरेर अघि बढ्नु पर्नेमा जोड दिए । प्याब्सन पर्सा जिल्ला समिति र महानगर समितिको साधारण सभालाई सम्बोधन गर्दै नगर प्रमुख सिंहले संस्थागत विद्यालयको स्तरीकरण र शुल्क निर्धारणले शिक्षामा आमुल परिवर्तन ल्याउनेमा आफू विश्वस्त रहेको बताए । सिंहले महानगरले शिक्षालाई विशेष प्राथमिकता दिएको बताउँदै केही कमी कमजोरी र असन्तुष्टी भएमा सच्याउँदै जान सकिने पनि बताए । केही व्यक्तिले अनावश्यक रुपमा शिक्षालाई राजनीतिकरण गर्ने दुष्प्रयास गरिरहेको भन्दै सिंहले राजनीति नै गर्ने भए दलमा आएर खुला रुपमा राजनीति गर्न चेतावनी दिए । शिक्षालाई राजनीतिबाट टाढा राखेर सुधार गर्न चाहेको भन्दै यसमा सबैले साथ दिन सिंहले अनुरोध गरेका छन् ।




विद्यालय संचालकहरुलाई शूल्क बढाउने प्रतिस्पर्धा नगरी शैक्षिक गुणस्तर वृद्धि गर्ने प्रतिस्पर्धा गर्न सुझाव दिँदै सिंहले महानगरका शैक्षिक योजनाहरुमा प्याब्सनले पनि साथ, सहयोग र सुझाव दिनुपर्ने बताए ।

प्याब्सन पर्साका अध्यक्ष पुरण प्रधान र महानगर समितिका अध्यक्ष आलोक चौरसियाको संयुक्त सभापतित्वमा साधारण सभा सम्पन्न भएको हो ।

# इमरजेन्सी डायलासिस सेवा संचालनमा

मधेशदृष्टि
वीरगंज मंसिर २८ ।

वीरगंजस्थित नारायणी अस्पतालमा आकस्मिक (इमर जेन्सी) डायलासिस सेवा आजबाट संचालनमा आएको छ । राउण्ड टेबल नेपालको समन्वय र सिद्धार्थ बैंकको आर्थिक सहयोगमा अस्पतालमा १५ बेडको ईमरजेन्सी डायलासिस सेवा संचालनमा आएको हो । अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. बिरेन्द्र प्रधानले आईसियु कक्षको माथि भवन निर्माण गरी आजबाट इमरजेन्सी डायलासिस सेवा सुरु गरिएको बताए ।

उनले यो सेवा दिर्घ मृगौला रोगीहरुलाई नियमित डायलासिस सेवा लिई रहेका विरामीहरुको अवस्था जटिल बनेमा आकस्मिक डायलासिस कक्षमा उपचार गरिने बताए । सो कक्षमा निमोनीयालगायत विभिन्न रोगका कारण एक्कासी मृगौलामा असर परेको विरामीलाई समेत उपचार गरिने मेडिकल सुपरिटेण्डेन्ट प्रधानले बताउँछन् । इमरजेन्सी डायलसिस सेवा लिनेहरुले केही शुल्क तिनुपर्ने र शुल्क बापत डायलासिस गर्ने क्रममा चाहिने विभिन्न समाग्रीहरु अस्पतालले नै प्रदान गर्ने डा. प्रधानको भनाई छ । यसबाहेक नियमित डायलसिस गर्न आउने दिर्घ मृगौला रोगीहरुको हकमा अन्यबेला जस्तै निःशूल्क सेवा दिने उनको भनाई छ ।



उनले निजी अस्पतालहरुले इमरजेन्सी डायलसिस सेवाको १० हजार देखि १२ हजार रुपैया लिने गरेकोमा नारायणी अस्पतालले जम्मा ५ हजार शुल्क तोकेको बताए । १५ बेड रहेको इमरजेन्सी डायलसिसमा २ बेड सेरो पोजिटिभ अर्थात एचआईभीका बिरामीहरुका लागि छुट्याईएको छ । अहिले नारायणी अस्पतालमा २० देखि २२ वटा डायलसिस मेसिन रहेका छन् । यी सबै मेसिन २४ औं घण्टा ३ सिफ्ट गरी संचालनमा आए ४० जनासम्मको दैनिक डायलासिस गर्न सकिने मेडिकल सुपरीटेण्डेन्ट प्रधानले बताउँछन् । प्रधानका अनुसार भवन निर्माणका लागि सिद्धार्थ बैंकले ५५ लाख रुपैया र एक दाताले ५ लाख रुैपयाको आर्थिक सहयोग गरी कुल ६० लाख रुपैयामा डायलासिस सेवा संचालनमा आएको हो ।

### अभिभावक संघको माग

# शुल्क निर्धारण खारेजी

मधेशदृष्टि
बीरगंज मंसिर २८ ।

अभिभावक संघ पर्साले बुधबार एक प्रेस विज्ञप्ती जारी गर्दै अभिभावकको आन्दोलनको क्रममा उठेका मुद्दालाई सम्बोधन गर्ने नाममा महानगरपालिकाले गरेको वर्गिकरण हचुवा र अवैज्ञानिक भएको आरोप लगाएको छ । महानगरपालिकाले वर्गिकरण तथा शुल्क निर्धारण गर्न पाउने भए पनि विनाकुनै सरोकारवालाहरुसँग समिक्षा नै नगरी गरिएको वर्गिकरणबाट केही विद्यालयको शुल्क कम भएको तर अधिकांश विद्यालयहरुको शुल्क बढेको कारण अभिभावकहरु थप मारमा परेको जनाईएको छ । हालै जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको अभिभावक संघ पर्साका अध्यक्ष संदिप साहद्वारा जारी विज्ञप्तीमा बर्गिकरणको आधार मापदण्ड पारदर्शी नभएको, शुल्क निर्धारण अवैज्ञानिक अव्यवहारिक भएको हुँदा यसलाई खारेज गरी सरोकारवाला सहितको विज्ञ टोली राखेर छलफल र समिक्षा पछि वर्गिकरण गरी शुल्क निर्धारण गर्न माग समेत गरिएको छ ।

# दाइजो आरोपमा डा. पंकज फेरी पक्राउ

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २८ ।

दाइजोको निहुँमा श्रीमतीलाई कुटपिट गरी घर निकाला गरेको आरोपमा प्रहरीले डाक्टर पंकज चौधरीलाई फेरी पक्राउ गरेको छ । महोत्तरीको रामगोपालपुर नगरपालिका-५ का ३५ वर्षीय पंकजलाई घरबाटै प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक सन्तोष पोखरेल नेहाले दिएको दाइजोविरुद्धको जाहेरीका आधारमा पंकजलाई पक्राउ गरिएको बताएका छन । दाइजो विरुद्धको परेको उजुरीको कारबाही गर्न पंकजमाथि अनुसन्धान गर्न पक्राउ गरिएको उनले बताए । उनलाई जिल्ला प्रहरी कार्यालय जलेश्वरको हिरासतमा राखिएको छ । मंगलबार दिउँसो डा. पंकजको घरमा बस्न उनकी श्रीमती नेहा चौधरी पुगेकी थिइन् । तर घरमा पस्न नदिएपछि नेहा गेट अगाडी धर्ना बसिन । त्यसपछि प्रहरीले उनका श्रीमान् डा. पंकजलाई पक्राउ गरेको हो । डा. पंकज पक्राउ परेपछि उनका परिवारका सबै फरार भएका छन् । अहिले घरको गेटमा ताला झुन्डिएको छ ।

यसअघि गत ४ कार्तिकमा नेहाले पंकजविरुद्ध जिल्ला प्रहरी कार्यालय महोत्तरीमा घरेलु हिंसाविरुद्ध उजुरी दिएकी थिइन् । सो उजुरीको आधारमा पंकजलाई प्रहरीले पक्राउ गरी ३ दिन थुना राखेका थिए । दुवै पक्षको छलफलपछिको सहमतिमा पंकजलाई प्रहरी छोडेको थियो ।

महोत्तरीको औरही नगरपालिका १ बस्ने नेहा चौधरी र सोही नगरपालिकाको वडा नम्बर-५ रामगोपालपुर बस्ने डा. पंकज चौधरी दुई वर्षदेखिको प्रेम दुवैको परिवारिक सहमति २०७८ फागुन २५ विवाहमा परिणत भयो । जनकपुरधामको राजदरवार होटलमा धार्मिक परम्परा अनुसार धूमधामका साथ विवाह भएको थियो । काठमाडौंमा अध्ययनरत रहेकै बेला नेहा र पंकजबीच प्रेम भएको थियो । तर, विवाह भएको महिना दिन पनि नबित्दै दूबै बिचको सम्बन्ध चिसिन गयो । गत महिना मात्रै नेहाले दाइजोको कारण पंकजले पटक पटक कुटपिट सहित आफूमाथी शारिरिक तथा मांसिक यातना दिँदै आएको आरोप लगाएकी थिइन ।

नेहाको आरोपपछि ग्राण्डी अस्पतालमा जेनरल फिजिसियनका रुपमा कार्यरत पंकजलाई अस्पतालले उनलाई बर्खास्त समेत गरिदियो । यता नेहाले लगाएको सबै आरोप निराधार रहेको पंकजले दाबी गर्दै आएको छ । नेहाले आरोप लगाएको एक महिनापछि उनले केही दिनअघि एक पत्रकार सम्मेलन गरी आफूमाथि नेहाले लगाएको सबै आरोप झुठो, कपोलकल्पित र निराधार रहेको दावी गरेका थिए । उनले उल्टै नेहाले नै आफूलाई मानसिक यातना दिँदै आएको आरोप लगाएका थिए ।पंकजले बिहे भएको केही दिन नबित्दै नेहा सानोतिनो विषयमा पनि आफूसँग झगडा गर्दै आएको र पटक पटक आत्महत्याको प्रयास समेत गरेको थियो, आफू सम्बन्ध बचाउन सबै थोक सहेर बसेको छु, अब एकसाथ बस्ने अवस्था नरहेकाले सम्बन्ध विच्छेद नै गर्छौं भनी पत्रकार सम्मेलनमा बताएका थिए ।

विवाहमा आफ्नो बुवा सुरेश चौधरीले दाइजो स्वरुप ५१ लाख रुपैयाँ पंकजलाई दिएको नेहाले लगाउँदै आएको आरोप बारे उनले दुवैको सहमतिमा हाम्रो प्रेम विवाह भएको थियो, आफू वा आफ्नो परिवारले कुनै दाइजो लिएको थिएन, र थप दाइजो पनि कहिले नमागेको उनले दाबी गरेका थिए । नेहाले विवाहमा आफ्नो माइती पक्षको ५१ लाख नगद र सुनचाँदी गरी १ करोड २५ लाख रुपैयाँ खर्च भएको र थप दाइजोको रुपमा काठमाडौंमा घर किनिदिन भन्दै आफूमाथि कुटपिट र यातना दिदै आएको आरोप लगाउँदै महिला हिंसा र दाइजो विरुद्धको उजुरी दर्ता गराएकी छिन ।

S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,000।- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरू:

१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

* शर्तहरु लागु हुनेछ ।

सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

बृहत निःशुल्क स्वास्थ्य शिविर
(विशेषज्ञ डाक्टरहरुद्वारा निःशुल्क उपचार)

डा. दिग्बिजय कु. ठाकुर
एम.बि.बि.एस. (नेपालगञ्ज मेडिकल कलेज, के.यू.)
एम.डि. (वीर हस्पिटल, काठमाण्डौ)
कन्सलटान्ट फिजिसियन
जनकपुर प्रादेशिक अस्पताल
N.M.C.No.:10943

डा. अभय मण्डल
एम.बि.बि.एस.
एम.डि. (के.यु.) नेपाल
बाल रोग विशेषज्ञ
जनकपुर प्रादेशिक अस्पताल
N.M.C.No.:6200

डा. अनिल कुमार शाह
एम.बि.बि.एस. (के.यु.) नेपाल
एम.डि. (टि.यु.) नेपाल
नवजात शिशु तथा बालरोग विशेषज्ञ
N.M.C.No.:11493

डा. स्वाति ज्यसवाल
एम.बि.बि.एस., एम.डी. (पिजीआई, चंढीगढ)
Fellowship in infertility, New Delhi
स्त्री, प्रसुती तथा निःसन्तान रोग विशेषज्ञ
N.M.C.No.:14019

डा. बीरेन्द्र भगत
MBBBS (BPKIHS, Dharan)
MD (PGI, Chandigarh)
Fellowship gynecologist (NAMS, Bir Hospital)
स्त्री, प्रसुती तथा क्यान्सर रोग विशेषज्ञ
N.M.C.No.:16286

डा. राजेश कुमार साह
एम.बि.बि.एस. (के.यु.)
एम.एस. (टि.यु.) नेपाल
जेनरल सर्जन
जनकपुर प्रादेशिक अस्पताल
मेडिकल अधिकृत
N.M.C.No.:11070

डा. पंकज प्रताप देव
MBBS, MD
(Gold Medalist)
Gynaecologist Associate Professor
N.M.C.No.:6218

डा. सज्जन कुमार शर्मा
एम.बि.बि.एस. (के.एम.सी., काठमाण्डौ)
एम.डी. (नोबेल हस्पिटल, बिराटनगर
स्त्री तथा प्रसुति रोग विशेषज्ञ
N.M.C.No.:13652

डा.कुण्दन मिश्र
बि.डि.एस. (पटना, भारत)
डेण्टल सर्जन
जनकपुर प्रादेशिक अस्पताल
N.M.C.No.:4467

मि.दिनेश साह
आँखा सम्बन्धी
O.A.B. Optm
NHPC No.:A-476 OPT

शिविरका प्रमुख विशेषताहरु:-
१. वरिष्ठ चिकित्सक डा. दिग्बिजय कुमार ठाकुर द्वारा दम, सुगर (डाइविटिज), (प्रेसर, थाइरोइड) तथा छाती सम्बन्धी सम्पूर्ण समस्या, हृदय, मष्तिश्क (Brain), पेट सम्बन्धी सम्पूर्ण समस्या, जोर (गेठिया, बाथ) र नशा सम्बन्धी सम्पूर्ण उपचार ।
२. डा. राजेश साह द्वारा विभिन्न किसिमको शल्यक्रिया सेवा ।
३. डा. अभय मण्डल, डा. अनिल कुमार साह, द्वारा बालरोग उपचार सेवा ।
४. डा. स्वाति ज्यसवाल, डा. बीरेन्द्र भगत, डा.सज्जन कुमार शर्मा द्वारा प्रसुतीरोग सम्बन्धी सम्पूर्ण जाँच ।
५. डा. कुन्दन मिश्रा द्वारा दाँत तथा मुख रोग सम्बन्धी सम्पूर्ण उपचार सेवा ।
६. हार्ड तथा जोर्नी रोग सम्बन्धी सम्पूर्ण जाँचहरु । ७. आँखा सम्बन्धी सम्पूर्ण उपचार सेवा ।
८. ECG (मुटु रोगीको लागि), PFT (छाती रोगी, दम रोगीहरुको लागि), सुगर, पिसाब र बल्ड सम्बन्धी अन्य जाँचहरु । ९. निःशुल्क प्रयाप्त औषधी पनि वितरण गरिनेछ ।

सम्पर्क व्यक्ति
अशोक कुमार मण्डल Mob.:9866324295/9812053192
राम जिबन मण्डल Mob.:9864043939
सुरेन्द्र यादव Mob.:9800842888

मिति: २०७९ पुस १ र २ गते शुक्रवार र शनिवार
स्थान: कमला नगरपालिका वडा नं. १, टोल मंगराहा श्री जनता माध्यमिक विद्यालय मंगराहा ईश्वरवाडा

आयोजक
-मेदनता रिसर्च क्लिनिक प्रा.लि.
जनकपुरधाम, अस्पताल रोड
Mob.:9817810790 (Roshan)
-साना किसान सहकारी संस्था लि.
सहयोगी:- कमला युवा सञ्जाल
मिडिया पार्टनर :- मधेशदृष्टि राष्ट्रि दैनिक पत्रिका
जनकनन्दनी एफ.एम. ९५.५ मेगाहर्ज


डा. दिग्बिजय कु. ठाकुर

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल